थप सामग्रीका लागि हाम्रो सम्पर्क ठेगाना:

**पालुङ चर्च, पालुङ - १, ओखरबजार, मकवानपुर**

**इमेल:** ***info@wordoftruth.com.np***

*Website:* ***http://www.wordoftruth.com.np***

**©WordofTruth Publishing — *http://www.wordoftruth.com.np***

# मुक्ति सम्बन्धी बाइबलका आधारभूत शिक्षाहरू

**भाग १**

**विषयहरू**

- बाइबल सत्य छ भनेर हामी कसरी जान्दछौं ?
- किन सबैलाई मुक्तिको खाँचो छ ?
- ख्रीष्ट मर्नु किन आवश्यक थियो ?
- मुक्ति कसरी पाइन्छ ?
- मुक्ति पाएको व्यक्तिले कुन–कुन कुराहरू विश्वास गरेको हुन्छ ?
- मुक्ति पाउन कत्तिको सजिलो छ ?

**वर्ड अफ ट्रुथ प्रकाशन**

पालुङ, मकवानपुर

**BASIC DOCTRINAL WORKSHEETS FOR NEW BELIEVERS - PART I**

*By* George W. Zeller

Translated into Nepali by Pradesh Shrestha

यो अध्ययनमाला तयार गरिँदा बाइबलका खण्डहरू ट्रिनिटेरियन बाइबल सोसाइटीद्वारा प्रकाशित **पवित्र बाइबल (२०११)** लाई आधार बनाइएको हुँदा पवित्र शास्त्रको उक्त अनुवादलाई नै प्रयोग गरियो भने पाठकलाई सहज हुनेछ ।

Published by Wordoftruth Publishing (2013)

E-mail: *info@wordoftruth.com.np*

***Web: http://www.wordoftruth.com.np***

२) ____________________

यी दुइटा काम गर्ने व्यक्तिलाई ख्रीष्टको के प्रतिज्ञा छ ? ________ ________________________। (शब्दार्थ: "भोज खानु" भन्ने वाक्यांशले प्रभु येशूसित हुने विश्वासीको घनिष्ट सङ्गतिको बयान गर्दछ) । मुक्तिको निम्ति उहाँसँग पुकारा गर्ने हरेकलाई बचाउन प्रभु येशू तत्पर र इच्छुक हुनुहुन्छ (रोमी १०:१३) ।

### ५) आँखाले हेर्न जत्तिकै सजिलो छ (यूहन्ना ३:१४-१५)

गन्ती २१:४-९ पढ्नुहोस् । पद ४-५ अनुसार इस्राएलीहरू परमप्रभुमाथि भरोसा गरिरहेका र धन्यवादी भइराखेका थिए कि आफ्ना समस्याहरूमा गनगनाइरहेका थिए ? ____________________ । पद ६ अनुसार अविश्वासको कारण इस्राएलीहरूले परमप्रभुबाट कस्तो दण्ड पाए ? ____________________ । पद ८ मा परमप्रभुले मोशालाई के बनाउन आदेश दिनुभयो ? ________ ________________ । त्यो बनाइएपछि त्यसलाई एउटा ________मा झुण्डयाइनुपर्थ्यो । सर्पको टोकाइबाट निको हुन मानिसहरूले के गर्नुपर्थ्यो ? ________________ ________________ । पद ९ बाट हामी सिक्छौं कि पित्तले साँपलाई हेर्ने जति ________

यूहन्ना ३:१४-१५ । पित्तले साँपलाई हेर्नेहरू सबै बाँचे ! क्रूसमा उठाइनुभएको मानिसका पुत्रलाई हेर्नेहरू पनि सबै बाँच्नेछन् । जब कुनै मानिसले कलवरी क्रूसलाई साँचो विश्वासको आँखाले हेर्दछ, त्यो मानिस ________ हुँदैन तर उसले ________ ________ पाउँछ । यशैया ४५:२१-२२ पनि हेर्नुहोस् । जीवित परमेश्वर भन्नुहुन्छ, "______लाई ________ र ________ पाओ । " (शब्दार्थ: पद २२ मा "फर्क" एउटा हिब्रू क्रियापदबाट आएको शब्द हो जसको अर्थ हुन्छ "आफ्नो अनुहार कसैतिर फर्काउनु" । त्यसैले यशैया ४५:२२ मा परमप्रभु भन्दैहुनुहुन्छ, "मतिर हेर, आफ्नो मुख मतिर फँकाऊ") ।

***"येशूजीलाई हेर ! थुमालाई हेर ! उनले मात्र तिमीलाई बचाउन सक्छन्-- येशूजीलाई हेर ! "***

# बाइबल सत्य छ भनेर हामी कसरी जान्दछौं ?

## १. बाइबलका विभिन्न नामहरू

बाइबललाई जनाउने यसका विभिन्न नामहरूबाट हामीले बाइबल कस्तो किसिमको पुस्तक हो भनेर जान्न सक्दछौं; जस्तै,

१) **हिब्रू ४:१२** मा बाइबललाई "________को ________" भनेर जनाइएको छ । बाइबल केवल मानिसका राय तथा व्यक्तिगत विचारले भरिएको पुस्तक होइन । यो परमेश्वरको वचन हो । परमेश्वर नै यो अचम्मको पुस्तकको लेखक हुनुहुन्छ । रोमी १०:१७ मा पनि पढ्नुहोस् ।

२) २ **तिमोथी २:१५** मा बाइबललाई "________को ________" भनेर जनाइएको छ । यो पुस्तक सत्य छ, पूरै सत्य छ, यसमा सत्य मात्र छ । यो पूर्ण रूपमा विश्वासयोग्य छ । यसमा न कुनै त्रुटि छ न ता कुनै अन्तर्विरोध । यो परमेश्वरकै वचन हो भने यसमा कसरी त्रुटि हुन सक्छ र ?

३) **फिलिप्पी २:१५** मा बाइबललाई "________को ________" भनेर जनाइएको छ । बाइबल एक "जिउँदो" पुस्तक हो (हिब्रू ४:१२) । यसको सन्देश बुझी त्यसमाथि विश्वास गर्नाले जीवनकै परिवर्तन हुन्छ (२ कोरिन्थी ५:१७) । बाइबल येशू ख्रीष्टमा केन्द्रित छ अनि ख्रीष्टमाथि विश्वास गर्ने व्यक्तिसँग अनन्त ________ हुन्छ (यूहन्ना ६:४७) ।

४) **रोमी १:२** मा बाइबललाई "प________शा________" भनेर जनाइएको छ । "शास्त्रहरू" भन्नाले "लेखोटहरू" भन्ने बुझिन्छ । "पवित्र" भन्नाले यी लेखोटहरू अन्य लेखोटहरूभन्दा भिन्न र पृथक छन् भन्ने बुझिन्छ । बाइबलजस्तो अरू कुनै लेखोट छैन । बाइबल एक अद्वितीय पुस्तक हो । परमेश्वरबाट दिइएको एउटै पुस्तक यही नै हो । परमेश्वरको वचनलाई सदा अति उच्च आदर गरियोस् (हेर्नुहोस् यशैया ६६:१-२) ।

## २. बाइबलको बारेमा येशूको गवाही

बाइबलको बारेमा जति येशू ख्रीष्टलाई थाहा छ त्यति अरु कसैलाई छैन । बाइबलको बारेमा प्रभु येशू ख्रीष्टले के भन्नुभएको छ त ?

१) **यूहन्ना १७:१७** मा प्रभु येशूले परमेश्वरको वचन __________ छ भन्नुभयो । येशूको यति भनाइ नै हाम्रो लागि पर्याप्त छ ! बाइबल सत्य छ भनी हामी जान्दछौं किनकि परमेश्वरको पुत्रले नै त्यसो भन्नुभएको छ ! बाइबल परमेश्वरको वचन हो अनि यो सत्य हुनैपर्छ किनकि....

"परमेश्वरले ______ _________ असम्भव छ" (हिब्रू ६:१८) ।

"उहाँ ______ ________ नसक्नुहुने परमेश्वर" हुनुहुन्छ (तीतस १:२) ।

"परमेश्वर ________ हुनुहुन्छ" (यूहन्ना ३:३३) ।

यसको तुलनामा बाइबलले यूहन्ना ८:४४ मा शैतानको बारेमा के बताउँछ, हेरौं: "तिमीहरू आफ्ना बाबु शैतानबाटका हौ, अनि आफ्नै बाबुका कुइच्छाहरू पूरा गर्न चाहन्छौ । त्यो शुरूदेखि नै हत्यारा थियो, अनि __________मा रहेन, किनकि त्यसमा __________ छँदै छैन । जब त्यसले __________ बोल्दछ, तब त्यो आफ्नै तर्फबाट बोल्दछ, किनकि त्यो __________ हो र __________को बाबु हो । " यूहन्ना ८:४५-४६ मा येशूले भन्नुभयो, "तर मैले __________ बोलेको हुनाले तिमीहरू मलाई विश्वास गर्दैनौ, तर म __________ बोल्दछु भने तिमीहरू मलाई किन विश्वास गर्दैनौ ? "

२) **यूहन्ना १०:३५** मा प्रभु येशूले भन्नुभयो, पवित्र शास्त्र __________ हुन सक्दैन । परमेश्वरले भन्नुभएको कुनै पनि कुरा कहिल्यै रद्द हुन सक्दैन ।

३) **लूका २४:४४** (यसलाई मर्कूस १४:४९ सित तुलना गर्नुहोस्) मा प्रभु येशू ख्रीष्टले भन्नुभयो, "पवित्र शास्त्र __________ हुनुपर्दछ । "

४) **मत्ती ५:१८** मा प्रभु येशूले भन्नुभयो, "जबसम्म आकाश र पृथ्वी बितिजाँदैनन्, तबसम्म व्यवस्थाबाट एक __________ अथवा एक __________ पनि, __________ __________नभइन्जेल, कुनै रीतिले बिलैछैन । " त्यसैले बाइबलमा परमेश्वरले भन्नुभएका सबै कुराहरू निश्चय नै __________ हुनेछन् ।

हिब्रू वर्णमालाको सबैभन्दा सानो अक्षरलाई "मात्रा" (हिब्रूमा "योद") भनिन्छ ।

# אלהים

माथि हिब्रू लिपिमा "एलोहिम" अर्थात् परमेश्वर लेखिएको छ । मोशाले उत्पत्ति १:१ मा यही शब्द प्रयोग गरेका छन्: "शुरुमा_____________ ले आकाश र पृथ्वी सृष्टि गर्नुभयो । " अब माथि हिब्रूमा लेखिएको शब्दको सबैभन्दा सानो अक्षर पत्ता लगाई त्यसको वरिपरि गोलाकार चिन्ह लगाउनुहोस् । तपाईंले भर्खरै एउटा "मात्रा" लाई चिन्ह लगाउनुभयो ।



व्यक्ति कहिल्यै ____________________छैन । प्रभुले यहाँ शारीरिक भोकको कुरा गर्दै हुनुहुन्थ्यो कि आत्मिक ? ________________ । यूहन्ना ६:५४ लाई यूहन्ना ६:४०,४७ सँग तुलना गर्नुहोस् । यी पदहरू अनुसार ख्रीष्टको शरीर खानु र उहाँको रगत पिउनुको अर्थ के हो ? ठिक उत्तरमा गोलो चिन्ह लगाउनुहोस्:

१) यसको मतलव हामी मान्छेको मासु खाने बन्नुपर्छ ।
२) यसको मतलव प्रभु-भोज लिँदा हामीहरू ख्रीष्टलाई नै खान्छौं ।
३) यसको मतलव यो हो कि येशू ख्रीष्ट क्रूसमा मर्नुहुँदा उहाँले आफ्नो पापरहित शरीर र अनमोल रगत हाम्रा पापहरूका निम्ति दिनुभयो भनेर हामीले विश्वास गर्नुपर्छ ।

यूहन्ना ४:९-१४ पढ्नुहोस् । हामीले दिनदिनै पिउने पानीले केही समयको लागि हाम्रो शारीरिक तिर्खालाई मेट्न सक्छ, तर हाम्रा सबैभन्दा गहिरा आत्मिक खाँचोहरूलाई तृप्त पार्ने जिउँदो पानी दिन सक्ने एउटै मात्र व्यक्ति को हुनुहुन्छ ? ____________________ । एउटा मानिसले एक कचौरा पानी लिन र त्यसबाट पिउन जत्तिको सजिलो छ, येशू ख्रीष्टलाई हाम्रो एकमात्र मुक्तिदाता भनी विश्वास गर्न पनि त्यत्तिकै सजिलो छ ।

## ३) ढोकाभित्र पस्न जत्तिकै सजिलो छ (यूहन्ना १०:९)

मुक्ति पाउन एउटा व्यक्तिले कुनचाहिँ ढोकाभित्र पस्नु पर्छ (यूहन्ना १०:९) ? ________________________ । येशू ख्रीष्टमा विश्वास गर्नुचाहिँ एउटा ढोकाभित्र पस्न जत्तिकै सजिलो छ तैपनि मत्ती ७:१३-१४ पढ्दा हामी थाह पाउँछौं कि ____________ मात्र त्यो ढोकाभित्र पस्दछन् !

## ४) ढोका खोल्न जत्तिकै सजिलो छ (प्रकाश ३:२०)

प्रकाश ३:२० पढ्नुहोस् । प्रभु येशू ख्रीष्ट ढोकामा उभिएर के गर्दै हुनुहुन्छ ? ____________________________________ । के उहाँ भित्र आउन चाहिरहनुभएको छ ? ________ । यस पदअनुसार पापीले गर्नुपर्ने दुइटा कामहरू के-के हुन् ?

१) ______________________________________________

# के मुक्ति पाउन सजिलो छ ?

## १) एउटा उपहार पाउन जत्तिकै सजिलो छ (यूहन्ना १:१२)

एफेसी २:८ अनुसार मुक्ति ____________________को __________ हो । कसैले तपाईंलाई एउटा उपहार दिन्छ भने के तपाईंले त्यसको निम्ति दाम तिर्नुपर्छ ? ______________ । यसैले मुक्तिको निम्ति हामीले दाम तिर्नुपर्छ ? ______________ । हाम्रो मुक्तिको निम्ति कसले दाम तिर्नुभयो (१ कोरिन्थी ६:२० र १ पत्रुस १:१८-१९ पढ्नुहोस्) ? ____________________________ । रोमी ६:२३ अनुसार परमेश्वरको वरदान के हो ? ________________________ । मुक्ति पाउन एउटा उपहार पाउन जत्तिकै सजिलो छ ! हामीले यसको निम्ति काम गर्न सक्दैनौं ! हामीले यसको दाम तिर्न सक्दैनौं ! तुलना गर्नुहोस्, प्रेरित ८:१८-२०) । यो हाम्रो आफ्नै शक्तिले कमाउन सक्दैनौं ! हामी यसलाई केवल ग्रहण गर्न सक्छौं ! परमेश्वरको सित्तैंको वरदान अनन्त जीवन केवल ____________ ____________मा मात्र पाउन सकिन्छ (१ यूहन्ना ५:११) ।

१ यूहन्ना ५:११-१२ अनुसार कसैसँग परमेश्वरको उपहार हुनलाई उसँग परमेश्वरको ____________ पनि हुनैपर्छ । यसैले, मुक्ति पाउनलाई त्यस पापीले एक व्यक्तिलाई ग्रहण गर्नुपर्छ ! यूहन्ना ३:१६ अनुसार संसारलाई परमेश्वरको प्रेमको उपहार के हो ? ____________________________ (शब्दार्थ: ग्रीक भाषामा "एकमात्र जन्माइएको" = "अद्वितीय", उस्तै अर्को नहुनु; अर्थात्, येशू ख्रीष्ट परमेश्वरको अद्वितीय पुत्र हुनुहुन्छ) । यूहन्ना १:१२ अनुसार परमेश्वरका सन्तान बन्नलाई हामीले प्रभु येशू ख्रीष्टलाई आफ्नो व्यक्तिगत मुक्तिदाताको रूपमा ____________ गर्नुपर्छ ! परमेश्वरले आफ्नै पुत्रलाई अनमोल उपहारको रूपमा दिनुभयो जसका निम्ति हामीले उहाँलाई कहिल्यै सट्टाभर्ना तिर्न सक्दैनौं, उहाँले जे गरिदिनुभयो त्यसका निम्ति आभारी बन्दै परमेश्वरलाई के भन्न सक्छौं (२ कोरिन्थी ९:१५) ? ____________________________________

## २) पिउन र खान जत्तिकै सजिलो छ (यूहन्ना ६:३५)

यूहन्ना ६:३५ पढ्नुहोस् । जीवनको रोटी को हुनुहुन्छ ? ____________ __________________ । विश्वासमा येशूकहाँ आउने व्यक्ति कहिल्यै __________________छैन र उहाँमाथि ____________________ गर्ने





ה ח   ת ח   ב כ

रूण्डै उस्तै देखिने हिब्रू अक्षरकाबीच स-साना भिन्नता हुन्छन् जसलाई "बिन्दु" भनिन्छ । माथि ६ ओटा हिब्रू अक्षरहरूलाई दुई-दुई गरी तीन समूहमा छापिएका छन् । प्रत्येक जोडीका अक्षरहरू रूण्डै उस्तै देखिन्छन् तर प्रत्येक जोडीको एउटा अक्षरमा सानो थप अंश पाइन्छ जसले गर्दा उक्त अक्षर अर्कोबाट फरक देखिन्छ । त्यो फरक तुल्याउने अंशको वरिपरि गोलो चिन्ह लगाउनुहोस् (प्रत्येक जोडीमा यस्तै गर्नुहोस्) । तपाईंले भर्खरै "बिन्दु" लाई चिन्ह लगाउनुभयो ।

नेपाली अक्षरको कुरा गरौं । देवनागरी लिपिमा "प" लाई "ष" बनाउन एउटा धर्सो मात्र चाहिन्छ । यदि यो "पेट काट्ने" धर्सो कोर्न छुट्यो भने "कोष" लाई "कोप" लेरून पुगिन्छ । त्यस्तै "अंश" को अनुस्वार (थोप्लो) छुटेमा त्यो "अश" हुन्छ । यसकारण बाइबलको प्रत्येक अक्षर, प्रत्येक शब्द महत्त्वपूर्ण छ, सत्य छ । हामीले परमेश्वरको अकाट्य वचनलाई बुझ्नुपर्छ, विश्वास गर्नुपर्छ र आफ्नो जीवनमा अपनाउनुपर्छ !

५) **मत्ती २४:३४-३५** मा प्रभु येशूले भन्नुभयो, आकाश र पृथ्वी बितिजानेछन्, तर उहाँको वचनहरू ________________________________

# ३. बाइबलको बारेमा बाइबलकै गवाही

बाइबलले आफ्नै बारेमा के बताउँछ ?

**१) २ तिमोथी ३:१६**

यस पदअनुसार "सबै पवित्र शास्त्र परमेश्वरको प्रेरणाद्वारा दिइएको हो । " ***परमेश्वरको प्रेरणाद्वारा दिइएको*** भन्ने वाक्यांशलाई अक्षरशः "परमेश्वर-निश्वासित" भनेर अनुवाद गर्न सकिन्छ । २ तिमोथी ३:१६ अनुसार बाइबलको कति अंश परमेश्वरद्वारा निश्वासित भएको रहेछ ? सही उत्तरमा चिन्ह लगाउनुहोस्: केही अंश/पूर्ण अंश ।

बोल्दाखेरि हामीले शब्दहरू निश्वासन गर्ने गर्छौं । सास बाहिर नफ्याँकिकन शब्द उच्चारण गर्न असम्भव छ । सास रोकेर बोल्ने प्रयास गर्नुहोस् त । के त्यसो गर्न सकिन्छ ? ______________ । २ तिमोथी ३:१६ को तात्पर्य, परमेश्वरले निश्चित शब्दहरू निश्वासन गर्नुभयो भन्ने हो । परमेश्वरले पवित्र शास्त्र निश्वासन गर्नुभयो । "सबै ________________ परमेश्वर-निश्वासित हो" अर्थात् पूरै बाइबल परमेश्वरको मुखबाट निस्की आएको हो ! पूरै बाइबल परमेश्वरको वचन हो । "किनकि ________________को ________ले यो भनेको छ" (यशैया ४०:५) । यसलाई


भजनसङ्ग्रह ३३:६ सित तुलना गर्नुहोस् जसका निम्न दुई खण्डवाक्यहरूले एउटै कुराको बयान गर्दैछन्"_______________को ________ द्वारा आकाश, र..उहाँको_______को________द्वारा तिनका सारा गणहरू बनिएका हुन्।"

**२) २ पत्रुस १:२१**

तर कसैले यसरी आक्षेप लगाउला: "अरे ! तपाईं भन्नुहुन्छ, 'सबै पवित्र शास्त्र परमेश्वर-निश्वासित हो र पूरै बाइबल परमेश्वरको वचन हो', तर बाइबल त मान्छेले लेखेको होइन र ? बाइबल लेख्ने त दाऊद, मोशा, पावल, लूका, मत्ती आदि होइनन् र ? अनि मान्छेले लेखेको कुरालाई परमेश्वरको वचन भन्न मिल्छ र ? "

यसको प्रत्युत्तर २ पत्रुस १:२१ मा पाइन्छ: "किनकि कुनै पनि समयमा ____________ (परमेश्वरको वचन) मानिसको इच्छाद्वारा आएन, तर ________________का प__________ _________हरू (मोशा, दाऊद, पावल आदि) पवित्र आत्माद्वारा _____________ पाएर बोले । "

उदाहरण: दाऊदले पवित्र आत्माद्वारा प्रेरणा पाएर भजनसङ्ग्रह २३:१ लेखे । तलको चित्रलाई विचार गरौं ।




२ पत्रुस १:२१ मा पवित्र जनहरू "पवित्र आत्माद्वारा प्रेरणा पाएर बोले" भन्नुको अर्थ उनीहरू पवित्र आत्माद्वारा चलाइएर बोले भन्नु हो । यसैले दाऊदले भजनसङ्ग्रह २३:१ पवित्र आत्माद्वारा चलाइएर लेखे । उनी नजन्मँदै परमेश्वरले दाऊदलाई भजन सङ्ग्रह २३:१ लेख्नलाई तयार पार्दै हुनुहुन्थ्यो । यर्मियालाई पनि त्यसरी नै तयार पार्नुभयो । उनको



**१४) रोमी १०:९**

क) पापीको कर्तव्य: ______________________________

______________________________

ख) उसलाई परमेश्वरको प्रतिज्ञा:

______________________________

**१५) रोमी १०:१३**

क) पापीको कर्तव्य: ______________________________

ख) उसलाई परमेश्वरको प्रतिज्ञा: ______________________________

**७) यूहन्ना ६:३५**

क) पापीको कर्तव्य: ______________________

ख) उसलाई परमेश्वरको प्रतिज्ञा: ______________________

**८) यूहन्ना ६:३७**

क) पापीको कर्तव्य: ______________________

ख) उसलाई परमेश्वरको प्रतिज्ञा: ______________________

**९) यूहन्ना ६:४७**

क) पापीको कर्तव्य: ______________________

ख) उसलाई परमेश्वरको प्रतिज्ञा: ______________________

**१०) यूहन्ना १०:९**

क) पापीको कर्तव्य: ______________________

ख) उसलाई परमेश्वरको प्रतिज्ञा: ______________________

**११) यूहन्ना ११:२५**

क) पापीको कर्तव्य: ______________________

ख) उसलाई परमेश्वरको प्रतिज्ञा: ______________________

**१२) प्रेरित १०:४३**

क) पापीको कर्तव्य: ______________________

ख) उसलाई परमेश्वरको प्रतिज्ञा: ______________________

**१३) प्रेरित १६:३१**

क) पापीको कर्तव्य: ______________________

ख) उसलाई परमेश्वरको प्रतिज्ञा: ______________________



आमाको ________बाट निस्की आउनु अघि नै परमेश्वरले यर्मियालाई तयार पार्दै हुनुहुन्थ्यो (यर्मिया १:५ पढ्नुहोस्) ।

दाऊद आफ्नो युवावस्थामा भेडा गोठाला भए। परमेश्वरको प्रेमिलो वास्ता र देखभालको महसुस गर्दै आएका दाऊदले एक दिन यसरी लेखे, "____________ मे____ गो________ हुनुहुन्छ (भजनसङ्ग्रह २३:१) । " पवित्र आत्माले दाऊदलाई डोऱ्याउनुभएको थियो जसको कारण उनले जे-जे लेखे तिनै कुराहरू लेखियोस् भन्ने परमेश्वरको इच्छा थियो। आफ्नो जीवनको अन्ततिर दाऊदले यसरी भने, "प________________को आ________ ____द्वारा बो______________ र उहाँको ____________ ________ जिब्रोमा थियो" (२ शमुएल २३:२) । यसर्थ, बोल्ने वास्तवमा को हुनुहुन्थ्यो ? ______________________ । दाऊदको मुखमा कसको वचन थियो ? ______________________

**३) यशैया ४०:८ (१ पत्रुस १:२३-२५ र मत्ती २४:३५ पनि पढ्नुहोस्)**

परमेश्वरको वचन कहिलेसम्म खडा रहनेछ ? ______________________ । भजनसङ्ग्रह ११९:८९ मा परमेश्वरको वचन स्वर्गमा ____________ रहन्छ भनिएको छ। कहिलेसम्म ? ______________________

**४) यशैया, यर्मिया, इजकिएल, मलाकी जस्ता अगमवक्ताहरूका लेखोटहरूमा निम्नलिखित वाक्यांशहरू भेट्टाउने प्रयास गर्नुहोस्:**

"परमप्रभु यसो भन्नुहुन्छ":

______________________

"परमप्रभु भन्नुहुन्छ":

______________________

"परमप्रभुको यो वचन मकहाँ आयो"

______________________

यसरी, परमेश्वरले रच्नुभएको पुस्तकभरि उहाँको हस्ताक्षर घरीघरी भेटिन्छ !

# किन सबै मानिसहरूलाई मुक्तिको खाँचो छ?

[**सुझाव**: यो कार्यपत्र गर्नुहुँदा, कुनै पनि प्रश्नको सही जवाफ आफूले जानेको छु भन्ने लागे तापनि, उल्लेखित सबै पदहरू पढ्नलाई समय लिनुहोस् । कुनै पदलाई तपाईंले दर्जनौं पटक पढिसक्नुभएको होला, तरै पनि त्यसलाई फेरि पनि पढ्नुपर्छ । तपाईं नभन्नुहोस्, "त्यो पद मेलै बुझिसकें" । बरु भन्नुहोस्, "त्यो पदलाई मैले अझै बुझ्नुपर्छ । प्रभु, मलाई सिकाउनुहोस् । यसमा मलाई केही न केही देखाउनुहोस् जो मैले देखेकै छैन । " ती पदहरूलाई ध्यानपूर्वक पढ्नुहोस् र तिनीहरूमै सही जवाफ भेट्टाउनुहोस् । यसरी तपाईं बाइबलको शिक्षालाई ठिकसँग जान्न सक्नुहुनेछ । तपाईंले आफूलाई सधैं नै यसरी प्रश्न गर्नुहोस्: ***"पवित्र शास्त्रले के भन्दछ ? "*** (हेर्नुहोस् रोमी ४:३) । ]

## परिचय

### लूका ५:२७-३२

लूका ५:३१ अनुसार कस्ता मानिसहरूलाई डाक्टरको आवश्यकता पर्छ ? __________ । कस्ता मानिसहरूलाई डाक्टरको आवश्यकता पर्दैन ? ___________ । लूका ५:३२ पढ्नुहोस् । के धर्मीहरूलाई मुक्तिको आवश्यकता छ ? ______ । कस्तो व्यक्तिलाई मुक्तिदाता चाहिन्छ ? _______________

### येशू किन संसारमा आउनुभयो ?

यस प्रश्नको जवाफ निम्नलिखित चारओटा पदहरूले दिन्छन् ।

**१) १ तिमोथी १:१५** - "ख्रीष्ट येशू __________________लाई __________ दिनलाई संसारमा आउनुभयो । "

**२) लूका १९:१०** - "किनभने मानिसका पुत्र ______________लाई ___________ र ___________ गर्न आएका हुन् । "

**३) मत्ती १:२१** - "र तिमीले उहाँको नाम __________ राख्नू, किनभने उहाँले आफ्ना जनहरूलाई तिनीहरूका ________बाट __________ गर्नुहुनेछ । "





तपाईंको निम्ति नमुना स्वरुप पूरा गरिएकाछन् जसबाट तपाईंले बाँकी खाली ठाउँहरू कसरी भर्नुपर्ने रहेछ सो बुझ्नुहुनेछ ।

**१) मत्ती ११:२८**

क) पापीको कर्तव्य: *ऊ ख्रीष्टकहाँ आउनुपर्दछ*

ख) उसलाई परमेश्वरको प्रतिज्ञा: *उसले विश्राम पाउनेछ*

**२) यूहन्ना १:१२**

क) पापीको कर्तव्य: *उसले ख्रीष्टलाई ग्रहण गर्नुपर्छ अर्थात् उहाँको नाममा विश्वास गर्नुपर्छ*

ख) उसलाई परमेश्वरको प्रतिज्ञा: *उसलाई परमेश्वरको सन्तान बन्ने अधिकार दिइनेछ*

**३) यूहन्ना ३:१६**

क) पापीको कर्तव्य: *उसले परमेश्वरको पुत्रमाथि विश्वास गर्नुपर्छ*

ख) उसलाई परमेश्वरको प्रतिज्ञा: *ऊ नष्ट हुनेछैन तर उसले अनन्त जीवन पाउनेछ*

**४) यूहन्ना ३:१८**

क) पापीको कर्तव्य: ______________________________

ख) उसलाई परमेश्वरको प्रतिज्ञा: ______________________________

**५) यूहन्ना ३:३६**

क) पापीको कर्तव्य: ______________________________

ख) उसलाई परमेश्वरको प्रतिज्ञा: ______________________________

**६) यूहन्ना ५:२४**

क) पापीको कर्तव्य: ______________________________
______________________________

ख) उसलाई परमेश्वरको प्रतिज्ञा: ______________________________
______________________________
______________________________

जनहरूलाई तिनीहरूका पापहरूबाट ___________ गर्नुहुनेछ । यसैले 'येशू' को अर्थ के हो ? सही उत्तरमा गोलो चिन्ह लगाउनुहोस्:

क) मसीह ख) परमेश्वरको पुत्र
ग) मुक्तिदाता घ) प्रभु

मत्ती १९:२५-२६ पढ्नुहोस् । के एउटा पापीले मुक्ति पाउन सम्भव छ ? _________ । १ तिमोथी १:१५-१६ । पावललाई बचाउन सक्नुहुने ख्रीष्टले के अरु पापीहरूलाई पनि बचाउन सक्नुहुन्छ ? ___________________

**४ <u>चौथो सत्यता</u>**: येशू ख्रीष्ट बचाउन चाहनुहुन्छ (यूहन्ना ६:३७)

के मुक्ति पाउन उहाँकहाँ आउने कुनै पापीलाई ख्रीष्टले कहिल्यै इन्कार गर्नुहुन्छ (यूहन्ना ६:३७ ? ________________ । सबै मानिसहरूको निम्ति उहाँको चाहना के छ (१ तिमोथी २:३-४ हेर्नुहोस्) ______________ ________________________________

**५ <u>पाँचौ सत्यता</u>**: येशू ख्रीष्टले ती सबैलाई बचाउनुहुनेछ जसले उहाँलाई (केवल उहाँलाई मात्र) आफ्नो मुक्तिदाता र प्रभु भनी भरोसा गर्दछन् (यूहन्ना ३:१६)

पाँचौ सत्यता बुझ्नलाई हामीले नयाँ नियममा पाइने मुक्तिका १५ ओटा प्रतिज्ञाहरूको अध्ययन गर्नुपर्छ । यी प्रतिज्ञाहरू कुनै सर्तमा आधारित छन् । यसको मतलब यदि पापी मानिसले एउटा काम गदर्छ भने, तब परमेश्वर अर्को काम गर्ने प्रतिज्ञा गर्नुहुन्छ । अर्थात् परमेश्वरले आफ्नो प्रतिज्ञा पूरा गर्न अघि, एउटा पापीले परमेश्वरले राख्नुभएको सर्त पूरा गर्नुपर्छ । पापी मानिसले आफूले गर्नुपर्ने काम गर्नेबित्तिकै, परमेश्वरले आफ्नो प्रतिज्ञा पक्कै पूरा गर्नुहुनेछ । स्मरण होस्, हामीलाई यी प्रतिज्ञाहरू दिनुहुने परमेश्वर झूट बोल्नै नसक्ने परमेश्वर हुनुहुन्छ (तीतस १:२) ।

मुक्तिका यी १५ ओटा प्रतिज्ञाहरू अध्ययन गर्ने क्रममा, हामी दुइटा कुराहरूको खोजी गर्नेछौं: पहिलो, पापीको कर्तव्य के हो भनी हामी जान्न चाहन्छौं । कारागारको रक्षकले प्रेरित १६:३० मा जान्न चाहेको कुरा यही नै थियो, जब उसले यसो भन्दै चिच्यायो, मुक्ति पाउनलाई मैले के गर्नुपर्छ ? दोस्रो, उहाँकहाँ आउने पापीको निम्ति परमेश्वरको प्रतिज्ञा के छ भनी हामी जान्न चाहन्छौं । पहिलो ३ ओटा चाहिं



**४) यूहन्ना ३:१७ -** "किनभने संसारलाई दोषी ठहराउन (दण्ड दिन) का निम्ति होइन, तर उहाँद्वारा संसारले ___________ ___________ भनेर परमेश्वरले आफ्ना पुत्रलाई संसारमा पठाउनुभयो । "

लूका ५:३२ अनुसार प्रभु येशू संसारमा कस्ता मानिसहरूलाई मुक्त गर्न आउनुभयो ? _________________ । धर्मी मानिसहरूलाई मुक्तिको आवश्यकता छैन । तर रोमी ३:१० पढ्नुहोस् त । संसारमा कतिजना मानिसहरू धर्मी छन् ? ________________ । त्यसकारण कतिजना मानिसहरूलाई मुक्तिको आवश्यकता छ ? ___________________ । लूका ५:३० पढेर सही उत्तरलाई गोलो चिन्ह लगाउनुहोस्:

(क) फरिसी तथा शास्त्रीहरू धर्मी मानिसहरू थिए ।

(ख) फरिसी तथा शास्त्रीहरू हामी धर्मी छौं भनी सोच्दथे ।

**लूका १८:९-१४** पढेर निम्न प्रश्नहरूको जवाफ लेख्नुहोस्:

कुनचाहिँ मानिसले आफू धर्मी छु भनेर सोच्थ्यो ? _________ । कुनचाहिँ मानिसले आफू पापी छु भनेर स्वीकार गर्‍यो ? ________________ । कुनचाहिँ मानिसले मुक्ति पायो ? ____________________ । मुक्ति पाउन एउटा मानिसले सर्वप्रथम के महसुस गर्नैपर्छ ? ______________ ______________________________________________

## सबैलाई मुक्तिको खाँचो छ किनकि सबै <u>पापी</u> छन्

**१) भजनसङ्ग्रह १४:१-३ (भजनसङ्ग्रह ५३:१-३ पनि हेर्नुहोस्)**

भजनसङ्ग्रह १४:२ अनुसार स्वर्गबाट मानिसका सन्तानलाई कसले हेर्नुभयो ? _______________ । पद ३ अनुसार उहाँले कतिजना असल र धर्मी मानिसहरू भेट्टाउनुभयो ? ______________________________ । हामीले मानिसको नजरमा धर्मी, असल, दयालु व्यवहार देखाउन सक्छौं । १ शमूएल १६:७ पढ्नुहोस् । के परमेश्वरले मानिसले जस्तै हेर्नुहुन्छ ? _____________ । "मानिसले __________ हेरेर विचार गर्छ, तर परमप्रभुले ___________ हेरेर विचार गर्नुहुन्छ । " हिब्रू ४:१३ पढ्नुहोस् । के परमेश्वरको दृष्टिबाट हामीले कुनै कुरा लुकाउन सक्छौं ? _______________ । यसकारण परमेश्वरले हामीलाई जसरी हेर्नुहुन्छ त्यसरी नै हामीले आफूलाई हेर्नुपर्छ ।

**२) रोमी ३:१०-१८ र रोमी ३:२३**

हामीहरू परमेश्वरको नजरमा वास्तवमा कति पापी देखिन्छौं भन्ने कुरा रोमी ३:१०-१८ पढेर थाहा पाउन सकिन्छ ।

पद १० धर्मीहरू कतिजना छन् ? ______________________
पद ११ बुझ्ने र परमेश्वरलाई खोज्ने कतिजना छन् ? ______________
पद १२ असल मानिसहरू कतिजना छन् ? _____________________
पद १८ परमेश्वरको डर मान्ने कतिजना छन् ? ___________________

हितोपदेश ८:१३ र हितोपदेश ३:७ अनुसार परमेश्वरको डर मान्नु भनेको के हो ? ________________________________________________________ ____________________________________। रोमी ३:२३ पढ्नुहोस् । कतिजनाले पाप गरेका छन् ? ________ । तीमध्ये तपाईं पनि पर्नुहुन्छ ? ________ । रोमी ३:२३ को तथ्यको एकमात्र अपवाद को हुनुहुन्छ (१ पत्रुस २:२१-२२ र २ कोरिन्थी ५:२०-२१) ? _________ । (टिप्पणीः लूका १:४६-४७ मा कन्या मरियमले परमेश्वरलाई आफ्नो _________________ भनी स्वीकारिन् । कस्तो व्यक्तिलाई मुक्तिदाताको आवश्यकता पर्छ ? _____________ । यसर्थ मरियम कस्तो प्रकारकी व्यक्ति थिइन् ? ____________ । के रोमी ३:२३ ले कन्या मरियमलाई समेट्छ ? ______________)

हामीले रोमी ३:१०-१८ र ३:२३ बाट पाएको शिक्षाअनुसार कतिजना मानिसहरू (पुरुष, महिला, बालक वा बालिका) लाई मुक्तिको खाँचो छ ? _____________

**३) १ राजा ८:४६ -** पापै नगर्ने मानिस कतिजना छन् ? _________ । "किनकि ________ ____________ कुनै मानिस छैन" । यसकारण म ________________ (आफ्नै नाम लेख्नुहोस्) समेत पापी छु ।

**४) १ यूहन्ना १:८-१० -** यी पदहरूमा यूहन्ना विश्वासीहरूलाई लेख्दैछन् । पद ८ अनुसार यदि हामीसँग पाप छैन भनी हामी भन्छौं भने हामी कसलाई छल्ने काम गर्छौं ? _ । पद १० अनुसार यदि हामीले पाप गरेका छैनौं भनी हामी भन्छौं भने हामी परमेश्वरलाई _______ तुल्याउँछौं (१ यूहन्ना ५:१० पढ्नुहोस्) । जतिखेर हामी परमेश्वरको वचनलाई विश्वास गर्दैनौं, त्यतिखेर हामी परमेश्वरलाई ________ तुल्याउँछौं । अर्थात् उहाँले भन्नुभएको कुरालाई विश्वास नगर्दा हामी वास्तवमा परमेश्वरलाई नै झूटो हुनुभएको आरोप लगाइरहेका हुन्छौं ! १ यूहन्ना १:८ र १ यूहन्ना

# पाँचओटा सत्यताहरू जसलाई मुक्ति पाएको व्यक्तिले विश्वास गरेकै हुन्छ

**१** **पहिलो सत्यता**: येशू ख्रीष्ट संसारको एउटै मात्र मुक्तिदाता हुनुहुन्छ (प्रेरित ४:१२)

यूहन्ना १४:६ अनुसार पिताकहाँ जाने बाटाहरू कतिओटा छन् ? _______ ________ । तसर्थ, मुक्ति पाउने उपायहरू कतिओटा छन् ? ________ ________ । मुक्तिको एउटै मात्र ढोका को हुनुहुन्छ (यूहन्ना १०:९) ___________________ । स्वर्गमुनि मानिसहरूको बीचमा दिइएको एउटै मात्र नाम कुन हो जसद्वारा हामीले मुक्ति पाउन सक्छौं ? (प्रेरित ४:१०-१२) ________________________

**२** **दोस्रो सत्यता**: येशू ख्रीष्ट हामीलाई बचाउन मर्नुभयो र बौरनुभयो (रोमी ४:२५; २ कोरिन्थी ५:१५)

रोमी ४:२५: प्रभु येशू _________ अपराधहरूका निम्ति _______________ (मर्नुभयो), र हाम्रा धार्मिकताका निम्ति ______________________ । हामीले ख्रीष्टको मृत्युबारे अध्ययन गरिसकेका छौं (पाठ ४) । १ थेस्सलोनिकि ४:१४ पढ्नुहोस् । एउटा साँचो ख्रीष्टियन त्यो हो जसले विश्वास गर्दछ कि येशू ____________ र ______________________________ । रोमी १०:९ अनुसार मुक्ति पाउनलाई हामीले आफ्ना हृदयहरूमा विश्वास गर्नुपर्ने कुरा के हो ? ______________________________________________________ ____________________________ (१ कोरिन्थी १५:१-४ पनि हेर्नुहोस्) ।

**३** **तेस्रो सत्यता**: येशू ख्रीष्ट बचाउनलाई सामर्थी हुनुहुन्छ (हिब्रू ७:२५)

हिब्रू ७:२५: यसैकारण उहाँद्वारा जो-जो परमेश्वरकहाँ आउँछन्, तिनीहरूलाई _______ रुपले _________ गर्न उहाँ ______________ हुनुहुन्छ । मत्ती १:२१: र तिमीले उहाँको नाम __________ राख्नू, किनभने उहाँले आफ्ना

सामर्थी हुनुहुन्छ ? ________________ । के परमेश्वरले सधैं आफूले भन्नुभएअनुसार नै गर्नुहुन्छ ? ________________ । के परमेश्वरले भन्नुभएका सबै कुराहरू सधैं पूरा हुनेछन् ? (उत्पत्ति १:३) ? ________________ । के परमेश्वरको एउटै प्रतिज्ञा पनि झूटा सावित भएको छ ? ________ । परमेश्वरको कुनै एक प्रतिज्ञालाई पढेपछि के हामी "हो" र "आमेन" भन्न सक्छौं (२ कोरिन्थी १:२०) ____________ । तीतस १:२ अनुसार परमेश्वरले के गर्न सक्नुहुन्न ? ____________ ___________ । हिब्रू ६:१८ अनुसार परमेश्वरले के गर्नु असम्भव छ ? __________ __________ । त्यसैले, परमेश्वरले भन्नुभएको कुरा साँचो नै हुन्छ र त्यसलाई हामीले विश्वास गर्नुपर्छ, त्यसमा भरोसा राख्नुपर्छ, त्यसमा आज्ञाकारी हुनुपर्छ र त्यसैअनुसार हिँड्नुपर्छ ! जब हामी परमेश्वरको वचनलाई विश्वास गर्दैनौं, तब हामी कुनचाहिँ ठूलो पापको दोषी हुन्छौं (१ यूहन्ना ५:१०) ? ____________________ ______________________________ । विश्वास भनेको परमेश्वरले भन्नुभएको कुरालाई उचित, सठिक र सही हिसाबले ग्रहण गर्नु हो ! विश्वासमा हिँड्ने मानिसले परमेश्वरको वचनलाई ठिकसँग लिन्छ र त्यसप्रति ठिक प्रतिकृया देखाउँछ ! यदि परमेश्वरले कुनै आज्ञा दिनुभएको छ भने उसले विश्वासैद्वारा ______________ गरी (हिब्रू ११:८) आफ्नो विश्वास प्रकट गर्छ । यदि परमेश्वरले कुनै प्रतिज्ञा दिनुभएको छ भने, विश्वासमा हिँड्ने मानिसले त्यसलाई विश्वास गर्छ, ऊ त्यसमा निश्चित हुन्छ, त्यसलाई देख्छ, त्यसको प्रतिक्षा गर्छ, त्यसलाई पर्खन्छ, त्यसैमा भरपर्छ, त्यसलाई बलियो गरी समातिराख्छ र त्यसलाई अँगाल्छ (हिब्रू ११:११,१३ हेर्नुहोस्) !



१:१० को कुरा विश्वासीहरूको सम्बन्धमा साँचो हो भने (हो पनि), अविश्वासीहरूको सम्बन्धमा पनि के त्यो साँचो हो ? __________

## सबैलाई मुक्तिको खाँचो छ किनकि सबै दुष्ट छन्

**१) यर्मिया १७:९-१०** - "हृदय ता सबै कुराहरुभन्दा बढी ________ हुन्छ, र त्यो असाध्य ________ हुन्छ । " हाम्रो भयङ्कर दुष्टताको कारण परमेश्वर हामीलाई उपचारै नलाग्ने प्राणघातक रोगले ग्रस्त मानिससित तुलना गर्नुहुन्छ । यो रोग क्यान्सर वा कुष्ठरोगभन्दा पनि अति नै डरलाग्दो रोग हो । यो नम्बर १ प्राणघातक रोग हो, पाप ! !

**२) मर्कूस ७:२०-२३** - यो भनाइ प्रभु येशू ख्रीष्टको हो । के प्रभु येशू यर्मिया १७:९ सित सहमत हुनुहुन्छ ? ____________ । प्रभु येशूको भनाइअनुसार (मर्कूस ७:२०-२३) मानिसको हृदय मौलिक रूपमा खराब छ कि असल ? __________ । हाम्रो भित्रबाट निस्केर आउने ६ ओटा कुराहरूलेख्नुहोस् जसले हाम्रो हृदय दुष्ट र रोगी छ भन्ने प्रमाण दिन्छ (मर्कूस ७:२१-२२):

१) _______________ २)_____________ ३) _______________

४) _______________ ५)_____________ ६) _______________

मर्कूस ७:२३ मा येशूले यी कुराहरू ______________ कुराहरू हुन् भनी भन्नुभयो । मर्कूस ७:२१-२२ अनुसार मानिसको मूल समस्या के हो? सही उत्तरलाई गोलो चिन्ह लगाउनुहोस्:

| | |
|---|---|
| (१) गाँस | (४) भ्रष्टाचारी सरकार |
| (२) बास | (५) वातावरणीय प्रदुषण |
| (३) युद्ध | (६) एक दुष्ट र दुषित हृदय |

**३) मत्ती ७:९-११** - यी पदहरूअनुसार, प्रभु येशूले मानिसहरू असल छन् भनी भन्नुभयो कि दुष्ट? __________ । यी पदहरू (विशेष गरी ११ औं पद) अनुसार, के एउटा दुष्ट मानिसले असल कामहरू गर्न सक्छ? __________________ । तसर्थ,

कसैले असल र दयालु काम गर्छ भने त्यो व्यक्ति दुष्ट होइन भन्न मिल्छ? ______________

## सबैलाई मुक्तिको खाँचो छ किनकि सबै हराएका छन्

**१) लूका १९:१०** - आफूले खोज्न र मुक्त गर्न आउनुभएका मानिसहरू कस्ता छन् भनी प्रभु येशूले भन्नुभयो ? ______________________

**२) यशैया ५३:६** - यस पदमा यशैया भन्छन्, हामी हराएका ______________ जस्तै छौं । यशैया ५३:६ अनुसार हामीहरूमध्ये कतिजना परमेश्वरदेखि बरालिएका र भौंतारिएर टाढा पुगेका रहेछौं ? _________ । यशैया ५३:६ मा हामी सिक्छौं कि परमेश्वरको मार्गमा हिंड्नुको सट्टा हामी सबै नै _____________ बाटोतिर लागेका छौं र न्यायकर्ता २१:२५ मा हामी सिक्छौं कि हरेक मानिसले ___________ ___________ जे ठिक लाग्यो त्यही गर्दथ्यो । मत्ती १०:६ मा परमेश्वरले यहूदीहरूलाई "इस्राएलका घरानाका ___________ ______________ भनी बयान गर्नुभयो । मत्ती ९:३६ मा मानिसका भीडहरूलाई देखेर प्रभु दयाले भरिनुभयो किनकि "तिनीहरू ___________ नभएका ______________ झैं क्लान्त भएका र ___________ पारिएका थिए । " १ पत्रुस २:२५ मा मुक्ति पाउनभन्दा अघि हामी कस्ता थियौं भनी बयान गरिएको छ ? ____________________________ । मुक्ति पाएपछि हामी कसकहाँ फर्केकाछौं (१ पत्रुस २:२५) ? ______________________________ । यूहन्ना १०:११ र भजनसङ्ग्रह २३:१ पढ्नुहोस् । हाम्रा प्राणहरूका गोठाला र अध्यक्ष को हुनुहुन्छ ? ________________________ । (शब्दार्थ: ग्रीक भाषामा "अध्यक्ष" (एपिस्कोपस्) = हामीलाई खतरादेखि जोगाउन हाम्रो हेरविचार र रेखदेख गर्ने व्यक्ति, एक "निरीक्षक")

## सबैलाई मुक्तिको खाँचो छ किनकि सबै मरेका छन्

**१) उत्पत्ति २:१७** - उसले प्रतिबन्धित फल खाएमा आदमलाई के हुनेछ भनी परमेश्वरले भन्नुभएको थियो ? _________________ । त्यसो कहिले हुनेछ भनी परमेश्वरले भन्नुभयो ? __________________________ । फल खाएकै दिनमा आदम शारीरिक रूपमा मरे कि मरेनन् ? उत्पत्ति ५:३-५ पढेर यस प्रश्नको जवाफ पत्ता लगाउनुहोस्: _____________ । यसकारण उत्पत्ति २:१७ मा के परमेश्वरले शारीरिक मृत्युकै कुरा गर्दैहुनुहुन्थ्यो ? ______________ । उत्पत्ति २:२५ र ३:६-७ पढ्नुहोस् । आदम र हवाले पाप गरेपछि के उनीहरूमा कुनै



## ५) विश्वासद्वारा अनुग्रहले मुक्ति पाइन्छ

एफेसी २:८ -- "किनकि _____________द्वारा _____________ले तिमीहरूले _________ पाएका छौ । " अनुग्रह भन्नाले परमेश्वरबाटको मप्रतिको दया र निगाह हो जसको योग्य म छैन ! तीतस ३:४ अनुसार हामी भन्न सक्छौं अनुग्रहको अर्थ हो, हाम्रा __________ परमेश्वरका ________ र ___________प्रतिको ________ । " मानिसप्रति -- अर्थात् परमेश्वरको क्रोध पाउनुपर्ने म अयोग्य पापीप्रति ! ! "अचम्मको अनुग्रहले बाँच्यो तुच्छ प्राण मेरो ! "

हराएका पापीहरूको निम्ति क्रूसमा ख्रीष्टले जे गरिदिनुभयो, त्यसैको आधारमा ती पापीहरूप्रति परमेश्वरले अनुग्रह र दयाको व्यवहार गर्न सक्नुहुन्छ ! रोमी ३:२४ -- उहाँको ____________द्वारा __________ __________मा भएको ____________को कारणले तिनीहरू सित्तैंमा ________ ठहरिन्छन् । "

विश्वास भनेको परमेश्वरलाई उहाँको वचनकै आधारमा भरोसा गर्नु र उहाँले भन्नुभएको कुरालाई साँचो मानेर व्यवहार गर्नु हो ।

विश्वासले परमेश्वरले भन्नुभएको कुरालाई साँचो मान्दछ । परमेश्वरको वचनलाई विश्वास गर्न र त्यसअनुसार हिंड्न सक्नलाई पहिला हामीले परमेश्वरको वचन सुन्नुपर्छ वा पढ्नुपर्छ) । यसैले रोमी १०:१७ मा लेखिएको छ, "यसकारण ______________ __________द्वारा आउँछ, र ________चाहिं ______________को __________द्वारा । साँचो विश्वास पक्का तथ्यहरूमा आधारित हुनुपर्छ; हाम्रो विश्वास परमेश्वरको लिखित वचनमा आधारित हुनुपर्छ । अब्राहाम विश्वासमा हिंड्ने मानिस थिए (उत्पत्ति १५:६; रोमी ४:३-५; गलाती ३:६-९) । अब्राहाम विश्वासमा बलिया थिए किनभने परमेश्वरले जे प्रतिज्ञा गर्नुभएको थियो त्यो अवश्य पूरा हुनेछ भनी उनी विश्वास गर्थे । रोमी ४:१९-२१ पढ्नुहोस् । यस खण्डमा हामी सिक्छौं अब्राहाम परमेश्वरको ___________को सम्बन्धमा _______________ गरेर उनी लड्खडाएनन्, तर परमेश्वरलाई महिमा दिंदै उनी _____________मा बलियो रहे; अनि उहाँले जे ___________ गर्नुभएको छ, सो _________ गर्नलाई उहाँ (परमेश्वर) ___________ पनि हुनुहुन्छ भनी उनी पूरा निश्चयतामा रहे । " के परमेश्वर आफ्ना प्रतिज्ञाहरू पूरा गर्नलाई सक्षम हुनुहुन्छ ? _________________ । के परमेश्वर आफ्नो वचनलाई पूरा गर्न

विश्वास गर्छ, र बप्तिस्मा लिन्छ, ऊसँग अनन्त जीवन छ । " **१ यूहन्ना ५:१२** -- "जससँग पुत्र हुनुहुन्छ र जसले बप्तिस्मा लिएको छ, ऊसित जीवन छ । " **मर्कूस १६:१६** -- "जसले विश्वास गर्छ र बप्तिस्मा लिन्छ उसले मुक्ति पाउनेछ; तर जसले विश्वास गर्दैन र बप्तिस्मा लिँदैन ऊ दोषी ठहरिनेछ । " **प्रेरित १६:३१** -- "प्रभु येशू ख्रीष्टमाथि विश्वास गर्नुहोस् र बप्तिस्मा लिनुहोस् र तपाईंले मुक्ति पाउनुहुनेछ । "

**ठिक** कि **बेठिक** छुट्टयाउनुहोस्:

☐ मुक्ति पाउन पानीको बप्तिस्मा आवश्यक छ (एफेसी २:८-९; तीतस ३:५) ।

☐ मुक्ति पाएपछि आज्ञापालन स्वरूप पानीको बप्तिस्मा लिनु आवश्यक छ (प्रेरित १०:४८; मत्ती २८:१९-२०; प्रेरित २:३८) ।

☐ मर्कूस १६:१६ अनुसार बप्तिस्मा नलिने व्यक्ति दोषी ठहरिनेछ ।

☐ प्रेरित २:४१ र ८:३६-३७ अनुसार शुरूको मण्डलीमा बप्तिस्मा लिनेहरू अघिबाटै विश्वास गरिसकेका हुन्थे ! अर्थात् उनीहरूले पहिला विश्वास गरे अनि पछि मात्र बप्तिस्मा लिए ।

☐ बप्तिस्मा मुक्ति पाउनलाई गरिने कार्य हो ।

☐ बप्तिस्मा मुक्ति पाएको व्यक्तिले गर्ने कार्य हो ।

☐ पानीको बप्तिस्माले हामीलाई सब पापबाट शुद्ध पार्दछ (एफेसी १:७; १ यूहन्ना १:७)

☐ मर्कूस १६:१६ अनुसार विश्वास नगर्ने व्यक्ति, उसले बप्तिस्मा लिए पनि नलिए पनि, दोषी ठहरिनेछ ।

☐ मत्ती १:२१ अनुसार पानीको बप्तिस्माले मानिसलाई उसका पापहरूबाट बचाउँदछ ।

☐ तीतस ३:५ अनुसार एक व्यक्ति केवल परमेश्वरको कृपाद्वारा मात्र मुक्ति पाउँदछ, हामी आफैले गरेका कुनै पनि कामद्वारा होइन ।

प्रेरित १६:३१ पढ्नुहोस् । एक व्यक्तिले विश्वास गरेकै घडी मुक्ति पाउँछ कि पानीमा बप्तिस्मा लिएको घडीमा ? ____________________

यहाँसम्म हामीले अध्ययन गर्यौं -- एक व्यक्तिले व्यवस्था पालन गर्ने प्रयासले वा असल कामहरूले वा आफ्नै प्रयासले वा पानीको बप्तिस्माले मुक्ति पाउँदैन । अब हामी यो अध्ययन गर्न तयार छौं -- एक व्यक्तिले अनुग्रहले विश्वासद्वारा मुक्ति पाउँदछ ।



परिवर्तन आयो ? __________ । उत्पत्ति ३:१९ अनुसार के शारीरिक मृत्यु पनि आदमको पापकै कारण आइपरेको एउटा श्राप हो ? __________ । )

**२) एफेसी २:१ -** मुक्ति पाउन अघि हामी ____________ र ________मा __________ थियौं (एफेसी २:५ र कलस्सी २:१३ मा पनि हेर्नुहोस्) ।

**३) यूहन्ना ५:२४ -** मुक्ति पाएकै घडी एक व्यक्ति ________बाट __________मा सर्दछ (१ यूहन्ना ३:१४) । तसर्थ, मुक्ति पाउन अघि एक व्यक्ति __________ हुन्छ । यूहन्ना ६:४७ अनुसार, एउटा मानिसले प्रभु येशू ख्रीष्टमाथि विश्वास गर्ने बित्तिकै उसले के पाउँछ ? ____________ __________ । तसर्थ, मुक्ति नपाएको मानिस आत्मिक रूपमा मरेको हुन्छ किनकि उसँग __________ छैन । एफेसी ४:१७-१८ मा हामी सिक्छौं, मुक्ति नपाएका मानिसहरू ______________को __________बाट बिराना (अलग) भएका हुन्छन् । तसर्थ, मरेको मानिस (एफेसी २:१) त्यो हो जोसँग परमेश्वरको जीवन छैन । मुक्ति पाएकै घडी ऊ जिउँदो बनाइन्छ (एफेसी २:५) । १ यूहन्ना ५:११ अनुसार अनन्त जीवन कहाँ पाइन्छ ? __________ ____________ । १ यूहन्ना ५:१२ पढ्नुहोस् । यदि एउटा व्यक्तिसँग प्रभु येशू ख्रीष्ट उसको मुक्तिदाता र प्रभुको रूपमा हुनुहुन्छ भने, उसँग के पनि हुँदछ ? __________ । जोसँग परमेश्वरका पुत्र हुनुहुन्न ऊसँग __________ छैन । यदि एउटा व्यक्तिमा जीवन छैन भने ऊ मरेको छ ! त्यसैले हामी भन्न सक्छौं कि जससँग परमेश्वरको पुत्र हुनुहुन्न, त्यो व्यक्ति __________ छ । यूहन्ना १७:३ मा अनन्त जीवन वास्तवमा के हो भनी येशूले भन्नुभयो ? ____ ______________________________ ________________ । यसकारण जसले पिता र पुत्रलाई व्यक्तिगत रूपमा चिन्दैन त्यस व्यक्तिसँग ____________ __________ छैन । यसैले हामी भन्न सक्छौं कि जसले परमेश्वरलाई चिनेको छैन त्यो व्यक्ति __________ छ ।

**४) यूहन्ना ३:१४-१६, यूहन्ना ५:२४ र यूहन्ना ६:४७ -** मरेका मानिसहरूले जीवन पाउनलाई के गर्नुपर्छ ? ______________________________ ________________________________

# सबैलाई मुक्तिको खाँचो छ किनकि सबै अन्धा छन्

## १) विश्वास नगर्ने व्यक्ति शैतानद्वारा अन्धा पारिएको हुन्छ (२ कोरिन्थी ४:४)

२ कोरिन्थी ४:४ मा शैतानलाई कुन नामले जनाइएको छ? ___________को ______________ । (टिप्पणीः "संसार" शब्दलाई "युग" भनेर अनुवाद गर्न सकिन्छ) । २ कोरिन्थी ४:४ ले सिकाउँछ, तिनीहरूमा सुसमाचारको ज्योति चम्कन नपाओस् भन्ने हेतुले शैतानले मानिसहरूलाई अन्धा बनाउँछ । यी मानिसहरू विश्वास गर्नेहरू हुन् कि नगर्नेहरू? ____________________ । २ कोरिन्थी ४:३ मा यही खाले मानिसहरूको बयान गर्ने एउटा वाक्यांश छ । त्यो वाक्यांश कुन हो? "__________ हुनेहरू" । यी पदहरूअनुसार, मानिसहरूले सुसमाचार बुझेको र विश्वास गरेको शैतानले चाहन्छ कि चाहँदैन? __________________ (टिप्पणीः सुसमाचारको माने प्रभु येशू ख्रीष्ट सम्बन्धीको शुभ-सन्देश हो, १ कोरिन्थी १५:१-५) । लूका ८:४-५ र ८:११-१२ पढ्नुहोस् । लूका ८:१२ अनुसार शैतानले कुन कुरा रुचाउँदैन? निम्नमध्ये दुइटालाई गोलो चिन्ह लगाउनुहोस्:

(क) मान्छे धर्ममा लागेको (घ) परमेश्वरको वचनमा विश्वास गरेको

(ख) मण्डलीको सभामा गएको (ङ) मुक्ति पाएको

(ग) गरिबलाई पैसा दिएको (च) उसलाई मान्छेले हप्काएको

## २) परमेश्वरको सत्यतालाई उसले बुझ्न नसक्ने भएकोले एउटा विश्वास नगर्ने व्यक्ति अन्धा हुन्छ (१ कोरिन्थी २:१४) ।

येशूले यूहन्ना १४:२६ मा उल्लेख गर्नुभएको सिद्ध शिक्षक को हुनुहुन्छ? ________________________ । यूहन्ना १५:२६ मा उक्त शिक्षकका दुइटा नामहरू उल्लेख छन् । ती नामहरू के-के हुन्?

(१) ______________________ (२) ______________________

(**शब्दार्थ**: "शान्तिदाता" भनेर अनुवाद गरिएको ग्रीक शब्द "पाराक्लेटस" को माने "सहायक" हो । पवित्र आत्मा नै हुनुहुन्छ जसले विश्वासीलाई सान्त्वना, सहायता, उत्साह दिनुहुन्छ र सिकाउनुहुन्छ । )



तलका भनाइहरू **ठिक** या **बेठिक** हुन सक्छन् । ठिक भनाइको अगाडि ☑ र बेठिक भनाइको अगाडि ☒ चिन्ह लगाउनुहोस्:

☐ मुक्ति नपाएको व्यक्तिले सबैभन्दा पहिले आफ्ना सबै खराब बानी तथा पापपूर्ण व्यवहारहरूलाई त्याग्नुपर्छ ।
☐ असल कामद्वारा मुक्ति पाइँदैन ।
☐ एउटा व्यक्तिले मुक्ति पाएपछि उसको व्यवहार जस्तोसुकै भए पनि हुन्छ ।
☐ मुक्ति पाएका हुनाले हामीहरू हरेक असल काममा फलदायी हुनुपर्छ ।
☐ एउटा विश्वासीले असल कामहरू गर्न सक्छ किनकि उसभित्र काम गर्नुहुने चाहिँ परमेश्वर हुनुहुन्छ ।

## ३) हाम्रो आफ्नै प्रयासले मुक्ति पाइँदैन

मानिस पापी, दुष्ट, हराएका, मरेका र अन्धा हुन्छन् भनी हामीले अध्ययन गरिसकेका छौं । त्यसैले मानिस आफैले आफैलाई बचाउन असम्भव छ ! ! एफेसी २:८ मा परमेश्वरको वचनले प्रस्टै बताउँछ, मुक्ति ____________बाट होइन, तर यो परमेश्वरको ____________ हो । तीतस ३:५ पढ्नुहोस् । के मानिसले आफ्नै प्रयास र असल कामद्वारा मुक्ति पाउँछ ? _________ । परमेश्वरले मानिसलाई आफ्नो _____________ द्वारा बचाउनुहुन्छ, न कि हाम्रा कुनै पनि कामद्वारा । यदि हाम्रो मुक्ति हाम्रा आफ्नै मानवीय प्रयासमा भरपर्ने कुरो हुँदो हो त हामीमध्ये कसैले पनि मुक्ति पाउन सक्ने थिएनौं । मुक्ति परमप्रभुबाट हो ! !

## ४) पानीको बप्तिस्माले मुक्ति पाइँदैन

निम्न पदहरू बेठिकसँग लेखिएका छन् । कृपया तिनका बेठिक अंशलाई काटेर सुधार्नुहोस्:

**यूहन्ना ३:१६** -- "उहाँमाथि विश्वास गर्ने र बप्तिस्मा लिने कोही पनि नष्ट नहोस् तर उसले अनन्त जीवन पाओस् । " **यूहन्ना ३:३६** -- "जसले पुत्रमाथि विश्वास गर्दछ र बप्तिस्मा लिन्छ ऊसँग अनन्त जीवन हुन्छ; अनि जसले पुत्रमाथि विश्वास गर्दैन र बप्तिस्मा लिँदैन त्यसले जीवन देख्नेछैन तर परमेश्वरको क्रोध त्यसमाथि रहन्छ । " **यूहन्ना ६:४७** -- "जसले ममाथि विश्वास गर्दछ र बप्तिस्मा लिन्छ ऊसँग अनन्त जीवन छ । " **यूहन्ना ५:२४** -- जसले मेरो वचन सुन्छ, र मलाई पठाउनुहुनेमाथि

________________ । कलस्सीका विश्वासीहरूका निम्ति पावलले गरेको प्रार्थना पढ्नुहोस् (कलस्सी १:९-१०) । असल कामहरूले भरिएको जीवनद्वारा यी विश्वासीहरूले प्रभुलाई खुशी पारेको देख्न के पावल चाहन्थे ? ______________ । विश्वासीले प्रभुको सहायताबिना कतिओटा असल कामहरू गर्न सक्छ (यूहन्ना १५:५) ? ____________________ । मुक्ति नपाएको व्यक्तिसँग ख्रीष्ट हुनुहुन्न भन्ने कुरा हामीलाई थाह छ (१ यूहन्ना ५:१२) । मुक्ति नपाएको मानिसले प्रभुलाई मनपर्ने असल कामहरू गर्न सक्छ होला (रोमी ८:८-९) ? ____________ । यूहन्ना ६:२८-२९ मा प्रभु येशूले भन्नुभएअनुसार, परमेश्वरलाई खुशी पार्न मानिसले गर्नुपर्ने पहिलो "काम" के हो ? ________________________________________________ । वास्तवमा, बिना ____________ (हिब्रू ११:६) परमेश्वरलाई खुशी पार्न ___________ छ ।

निम्नलिखित दुवै भनाइहरू **गलत** छन् र परमेश्वरको सत्यता नबुझ्नेहरूले मात्र यसरी सोच्दछन्:

*१) "म पापी हुँ भनेर म बुझ्दछु अनि मुक्ति पाउन मैले रक्सी, चुरोट पिउन छाड्नुपर्छ, एउटा असल मण्डलीमा जानुपर्छ र बाइबल दिनहुँ पढ्नुपर्छ ।"*

तर प्रेरित १६:३१ अनुसार, पापीलाई परमेश्वरले के आज्ञा गर्नुभएको छ ? ________________________________________________ । तसर्थ, मुक्ति नपाएको मानिसले सर्वप्रथम के गरेको परमेश्वर चाहनुहुन्छ ? ______ ________________________________________________

*२) "मुक्ति पाएपछि मैले आफ्नो इच्छाअनुसार जस्तोसुकै व्यवहार गरे पनि फरक पर्दैन किनकि मुक्ति पाइने कामले होइन, विश्वासले हो ।*

तर २ तिमोथी २:१९ अनुसार आफू विश्वासी भएको दाबी गर्नेलाई परमेश्वरको आज्ञा के छ ? ________________________________________________ __________________ । यदि कसैले मुक्ति साँच्चै पाएको छ र ख्रीष्टले उसको निम्ति क्रूसमा के गरिदिनुभयो भनेर बुझेको छ भने, के उसले प्रभुलाई मनपर्ने चालमा हिँड्ने इच्छा गर्छ होला ? ______________ । मुक्ति पाएको व्यक्तिले आफ्नो जीवन कसको निम्ति बिताउन चाहन्छ (आफ्नै निम्ति कि ख्रीष्टको निम्ति (२ कोरिन्थी ५:१५) ? ______________________



येशूले यूहन्ना १६:१३ मा यस शिक्षकले उनीहरूलाई कुन कुरामा डोऱ्याउनुहुनेछ भनी चेलाहरूलाई प्रतिज्ञा गर्नुभयो? ___________ ______________भित्र ।

१ कोरिन्थी ६:१९ अनुसार हरेक विश्वासीभित्र _____________ __________ बास गर्नुहुन्छ । रोमी ८:९ पढ्नुहोस् । यदि एउटा व्यक्तिभित्र पवित्र आत्मा बास गर्नुहुन्न भने ऊ ख्रीष्टको हो कि होइन? _____________ । रोमी ८:११ अनुसार हरेक साँचो विश्वासीभित्र ***को*** बास गर्नुहुन्छ? ______________ _____________ । रोमी ८:१५-१६ अनुसार मुक्ति पाएकै घडी हामीले के पायौं? _______________________ । त्यसैले कतिजना ख्रीष्टियनहरूभित्र यस सिद्ध शिक्षक अर्थात् सत्यको आत्मा बास गरिरहनुभएको छ ___________

## १ कोरिन्थी २:९-१६ (सबै मानिस आत्मिक रूपमा अन्धा छन्)

**पद ९** - विश्वासीहरूका निम्ति परमेश्वरले तयार पार्नुभएका कुराहरूको बारेमा हामीले कसरी जान्न सक्छौं? के हामीले ती कुराहरूको बारेमा हाम्रा आँखाहरूद्वारा जान्न सक्छौं?________________ । हाम्रा कानहरूद्वारा? ______________ । हाम्रो विचार-शक्तिद्वारा? ______________

**पद १०** - हामीले परमेश्वरको सत्यता सिक्न सक्ने एउटै उपाय के हो? ठिक जवाफमा गोलो चिन्ह लगाउनुहोस्:

(क) चार वर्ष कलेज (विशेषतः बाइबल कलेज) गरेर
(ख) धर्म र बाइबल सम्बन्धी पुस्तकहरू पढेर
(ग) परमेश्वरले आफ्नो सत्यता हामीलाई प्रकट गरिदिनुभएर
(घ) सुन्दर सूर्योदयलाई हेरेर
(ङ) लामो समयसम्म सोच-विचार गरेर

१ कोरिन्थी २:१० बाट हामी सिक्छौं, उहाँको सत्यता परमेश्वरले हामीलाई __________________ ____________द्वारा प्रकट गर्नुहुन्छ । के त्यहाँ परमेश्वरको बारेमा वा परमेश्वरको सत्यताको बारेमा केही कुरा छ जुनचाहिँ पवित्र आत्माले बुझ्नुहुन्न? ________ । स्मरण होस्, पवित्र आत्मा परमेश्वर हुनुहुन्छ (प्रेरित ५:३-४ हेर्नुहोस्) । १ कोरिन्थी २:१० अनुसार परमेश्वरका गहिराइका कुराहरू र गहिरा सत्यताहरू साँच्चै बुझ्ने को हुनुहुन्छ? ____________________

**पद ११** - के कुनै मानिसले परमेश्वरको सहायताबिना परमेश्वरका कुराहरू जान्न र बुझ्न सक्छ? ________________ । यस पदअनुसार यी कुराहरू कसले जान्दछन्? ____________ ______________ । यशैया ५५:८-९ पढ्नुहोस् । के परमेश्वरका विचारहरू तपाईंका विचारहरूभन्दा ज्यादै उच्च र महान् छन्? __________ । रोमी ११:३३-३४ पढ्नुहोस् । के प्रभुलाई कुनै शिक्षकको खाँचो छ? ________ । के त्यहाँ कुनै कुरा छ जो प्रभु जान्नुहुन्न? __________ । के त्यहाँ कुनै कुरा छ जो तपाईं जान्नुहुन्न? ________ । के तपाईंलाई शिक्षक चाहिन्छ? ______________ । यो शिक्षक को हुनुपर्छ? ________________ ______________ । निम्नमध्ये सही भनाइहरूलाई गोलो चिन्ह लगाउनुहोस्:

१) म परमेश्वरको सत्यता प्रभुको सहायताबिनै सिक्न सक्छु ।
२) उहाँ आफैले प्रकट नगरिदिनुभएसम्म र नसिकाउनुभएसम्म मैले परमेश्वरको वचनको बारेमा र उहाँको सत्यताको बारेमा कुनै पनि कुरा सिक्नु असम्भव छ ।
३) बाइबलको सही अर्थ के हो भनेर प्रभुले मलाई नदेखाउनुभएसम्म र नसिकाउनुभएसम्म म कहिल्यै यसको सही अर्थ जान्न सक्नेछैन ।
४) म आफै पनि बाइबल बुझ्न सक्छु, तर प्रभुको सहायताले सायद म अरु धेरै सिक्नेछु ।

**पद १२** - मुक्ति पाएकै घडी हरेक विश्वासीले के पाउँछ? ______________ ___________ । यस पदले हामीलाई सिकाउँछ, उहाँले हामीलाई सित्तैंमा ____________________ कुराहरूलाई हामीले जा________ परमेश्वर चाहनुहुन्छ, यसैकारण उहाँले हामीलाई पवित्र ______________ हाम्रो शिक्षक हुनलाई दिनुभएको छ । तपाईंले उहाँको सत्यता बुझ्नुभएको के परमेश्वर चाहनुहुन्छ? ______________ । १ कोरिन्थी १४:२० पढ्नुहोस् । उहाँको सत्यता बुझ्ने सवालमा परमेश्वर के चाहनुहुन्छ -- हामी बालकै रहेको कि पूरा बढेको मानिस बनेको? ________________________________

**पद १३** - हामी परमेश्वरको सत्यता हाम्रो आफ्नै बुद्धिले सिक्छौं कि पवित्र आत्माद्वारा सिकाइएर सिक्छौं? ________________________________

**पद १४** - "शारीरिक मानिस" मुक्ति नपाएको मानिस हो । यस पदले हामीलाई सिकाउँछ, परमेश्वरको सत्यताबारे मुक्ति नपाएको प्रत्येक पुरुष, महिला, केटा र केटी अन्धा हुन्छ । के शारीरिक मानिसले परमेश्वरको वचनको सत्यताहरू ग्रहण गर्न



नसक्ने काम परमेश्वरले गर्नुभयो जब उहाँले आफ्नै _________लाई पठाउनुभयो (रोमी ८:३) ! थुमाका लागि परमेश्वरलाई सदा प्रशंसा होस् !

## २) असल कामहरूले मुक्ति पाईंदैन

यशैया ६४:६ मा हामी सिक्छौं, हामी सबै अशुद्ध र पापीहरू भएका हुनाले हाम्रा सबै धार्मिक कामहरु ____________ ____________सरह छन् । एफेसी २:१-१० पढ्नुहोस् मानिसले असल कामहरू गरेर मुक्ति पाउँदैन भनेर सिकाउने दुइटा पदहरू भेट्टाउनुहोस् । ती पदहरू कुन-कुन हुन् ? ________________ । तीतस ३:१-८ मा मानिसले असल कामहरूद्वारा मुक्ति पाउँदैन भनेर सिकाउने पद कुन हो ? _________ । यदि मुक्ति कामहरूबाट पाइने भएको भए, मानिसहरूले मुक्ति कमाउनलाई आफूले गरेका थुप्रै कामहरूमा घमण्ड गर्ने ठाउँ हुने थियो । तर परमेश्वरको वचनले मानिसले असल कामहरू गरेर मुक्ति पाउँदैन भन्ने कुरा प्रस्टै सिकाउँछ, तसर्थ जुन व्यक्तिले साँच्चै मुक्ति पाएको छ, उसले ____________ गर्न पाउँदैन (हेर्नुहोस् एफेसी २:९, रोमी ३:९ र रोमी ४:१-५) । लूका १८:९-१४ मा के फरिसीले आफ्ना असल काममा घमण्ड गरेको थियो ? ____________ । उसको घमण्ड गराइ कुन पदमा उल्लेख छ ? ________ । के उक्त फरिसीले मुक्ति पाएको थियो (१३-१४ पदहरू हेर्नुहोस्) ? ____________

स्वर्गमा प्रभुकै सामु आफू उभिनुपरेको कल्पना गर्नुहोस् । तपाईंले उहाँलाई के भन्नुहुनेथ्यो होला ? तलको एउटामा ठिक चिन्ह लगाउनुहोस्:

☐ "प्रभु, म तपाईंप्रति विश्वासयोग्य भएकोले र मैले एउटा असल जीवन बिताउन र तपाईंको दृष्टिमा मनपर्दो कामहरू गर्न सक्दो प्रयास गरेकोले नै म यहाँ स्वर्गमा छु । "

☐ "प्रभु, ख्रीष्ट येशूले मलाई प्रेम गर्नुभई मेरा पापहरूको निम्ति क्रूसमा मरिदिनुभएको कारणले मात्र म यहाँ स्वर्गमा छु । ख्रीष्टको सिद्ध बलिदानको कारण म आज यहाँ हुन पाएको छु । "

प्रभुलाई मनपर्ने असल-असल कामहरू गर्न सक्षम तुल्याउनका लागि विश्वासीभित्र काम गर्नुहुने को हुनुहुन्छ ? (फिलिप्पी २:१३ र हिब्रू १३:२०-२१) ?

लागिरहनुपर्छ । के एउटा पापीले त्यसो गर्न सक्छ ? ______________ । व्यवस्थालाई पूर्ण रूपले पालन गर्ने एउटै मात्र व्यक्ति को हुनुहुन्थ्यो ? _____________

### परमेश्वरका दस आज्ञालाई विचार गर्नुहोस्

(प्रस्थान २०; व्यवस्था ५)

***इमानदार भई जवाफ दिनुहोस्:***

- के तपाईंले आफ्नो जीवनमा सधैं नै परमेश्वरलाई पहिलो स्थान दिनुभएको छ ?
- के तपाईंले कहिल्यै परमेश्वरको नाम व्यर्थमा उच्चारण गर्नुभएको छ ?
- के तपाईंले कहिल्यै अर्काको कुनै चीज चोर्नुभएको छ ?
- के तपाईंले कहिल्यै हृदयमा व्यभिचार गर्नुभएको छ (मत्ती ५:२८) ?
- के तपाईंले कहिल्यै अरुसित भएको चीजको लोभ गर्नुभएको छ ?
- के तपाईंले कहिल्यै झूट बोल्नुभएको छ ? के तपाईंले कहिल्यै अदालतमा झूट बोल्नुभएको छ ?
- के तपाईंले एकैपटक मात्र भए पनि आफ्ना बाबु-आमाको आज्ञा उल्लङ्घन गर्नुभएको छ ?

मानिसलाई ऊ साँच्ची नै कति पापी छ भनेर देखाउनलाई नै परमेश्वरको पवित्र व्यवस्था दिइएको हो, "किनकि __________द्वारा __________ चिन्ने ज्ञान हुन्छ" (रोमी ३:२०) । व्यवस्थाले मानिसलाई कहिल्यै मुक्ति दिन सक्दैन, यसले केवल उसलाई मुक्तिदाताको खाँचो देखाउन सक्छ । ऐनालाई विचार गरौं । ऐनाले अनुहार फोहर छ भनेर देखाउने काम गर्छ । तर अनुहार धुनलाई ऐना प्रयोग गरिँदैन । ऐनाले हामीलाई साबुन र पानीतर्फ डोऱ्याउने काम गर्छ । त्यसरी नै परमेश्वरले व्यवस्था दिनुभयो जसले हामीलाई थुमाकहाँ डोऱ्याउँदछ जो प्रभु येशू हुनुहुन्छ जसले संसारको पापलाई उठाई लानुहुन्छ । व्यवस्थाले कहिल्यै ____________ दिन सक्दैन (गलाती ३:२१), त्यसले केवल दोषी ठहऱ्याउन मात्र सक्छ । परमेश्वरको पवित्र र धर्ममय व्यवस्थाको सामु उभिने पापी मानिसले "म दोषी छु ! " (रोमी ३:१९) भन्न मात्र सक्छ । तर, खुशीको कुरा, व्यवस्थाले गर्नै



सक्छ? ____________ । के उसले तिनीहरूलाई जान्न र बुझ्न सक्छ? ____________ । मुक्ति नपाएको मानिसलाई परमेश्वरको सत्यता कस्तो लाग्छ भनेर दर्शाउने शब्द कुन हो? ____________ । यसकारण तपाईंले मुक्ति नपाएको कुनै मानिसलाई बाइबलबाट केही कुरा बताउनुहुँदा, उसले तपाईंको खिल्ली उडाउँछ भने के तपाईंले यसमा अचम्म मान्नुपर्छ? __________ । यदि उसले परमेश्वरको वचन बुझ्न सकेन भने के तपाईंले यसमा अचम्म मान्नुपर्छ? ________

१ कोरिन्थी २:१४ मा "शारीरिक" भनेर अनुवाद गरिएको ग्रीक शब्दलाई यहूदा १९ मा "विलासी" भनेर अनुवाद गरिएको छ । यसरी यहूदा १९ बाट हामी सिक्छौं कि शारीरिक (विलासी) मानिस त्यो हो जससँग ____________ हुँदैन । हामीले यसभन्दा अघि सिकिसकेको आधारमा, ती एकमात्र व्यक्ति ***को*** हुन् जसले हामीलाई परमेश्वरको सत्यता सिकाउन र प्रकट गराउन सक्नुहुन्छ? ____________ ____________ । यदि कसैसँग यस शिक्षक हुनुहुन्न भने, के उसले सत्यता सिक्न सक्छ? ______________ । शारीरिक मानिस (मुक्ति नपाएको मानिस) सँग के यस शिक्षक हुनुहुन्छ? _________________ । १ कोरिन्थी १:१८ पढ्नुहोस् । येशूले हाम्रो निम्ति क्रूसमा गर्नुभएको कार्य एउटा शारीरिक मानिसले बुझ्दछ? ________________ । मुक्ति नपाएको व्यक्तिले क्रूसप्रति कस्तो धारणा राख्दछ? उसको धारणालाई ठिकसँग बयान गर्ने शब्द कुन हो? ____________ । क्रूसमा मर्नुभएको मुक्तिदातामाथि विश्वास गर्नु नै मुक्ति पाउने एउटै उपाय हो भनेर तपाईंले कसैलाई बताउनुहुँदा, यदि उसले तपाईंलाई मूर्ख ठान्दछ भने के तपाईंले यसमा अचम्म मान्नुपर्छ? ______________ । १ कोरिन्थी १:१८ अनुसार कस्तो व्यक्तिले क्रूसको अर्थलाई साँच्चै बुझेको हुन्छ? __________ ________________ । केवल परमेश्वरले मात्र अन्धाका आँखा खोलिदिन सक्नुहुन्छ । शारीरिक मानिस आत्मिक अन्धा हो र उसले सत्य बुझ्न सक्दैन । केवल परमेश्वरले मात्र एउटा शारीरिक मानिसको आँखा खोलिदिन सक्नुहुन्छ, नयाँ जन्मको आश्चर्यकर्मद्वारा (यूहन्ना ३:३-५) । नयाँ जन्म पाएकै घडी एउटा मानिसले पवित्र आत्मा पाउँदछ, र एउटा नयाँ जन्मेको बालकले झैं, उसले परमेश्वरको वचनको विशुद्ध दूधको तिर्सना गर्न थाल्दछ जसद्वारा उसले सिक्न सक्छ, जसद्वारा ऊ बढ्न सक्छ (१ पत्रुस २:२) । त्यहाँदेखि पवित्र आत्मा उसको शिक्षक हुनुहुनेछ !


**पद १५** - आत्मिक मानिस त्यो हो जोसँग पवित्र आत्मा हुनुहुन्छ । ऊ एउटा विश्वासी हो जसले पवित्र आत्मालाई आफ्नो शिक्षक हुन दिएको छ । आत्मिक मानिसले परमेश्वरको वचनलाई प्रेम गर्दछ (भजनसङ्ग्रह ११९:९७), र निरन्तर उसको प्रार्थना यो हुन्छः "मेरा ___________ खोलिदिनुहोस्, र म तपाईंको ______________बाट ______________ ______________ देरुन सकूँ" (भजनसङ्ग्रह ११९:१८ ) ।

# मुक्ति कसरी पाइन्छ ?

## १) व्यवस्था पालन गर्ने प्रयासले मुक्ति पाइँदैन

रोमी ३:२० अनुसार व्यवस्था पालन गरेर कतिजना मानिसहरू परमेश्वरको सामु धर्मी ठहरिनेछन् ? ____________________________ । के मानिसहरू व्यवस्थाका कामहरूद्वारा धर्मी ठहरिनेछन् (गलाती २:१६) ? _______________ । यदि मानिसहरूले व्यवस्था पालनद्वारा मुक्ति पाउन सक्ने भएको भए के ख्रीष्ट क्रूसमा मर्नु आवश्यक पर्थ्यो (गलाती २:२१) ? _________________ । रोमी ७:१२ मा व्यवस्था भनेको कस्तो कुरो हो भनी वर्णन गर्ने तीनओटा शब्दहरू कुन-कुन हुन् ? १) ___________ २) ___________ ३) ___________ । के पापी मानिसले परमेश्वरको पवित्र व्यवस्थालाई पालन गर्न सक्छ (रोमी ७:७-१४ पढ्नुहोस्) ? _________ । के पापी मानिसले १० आज्ञाहरू पूर्ण रूपले पालन गर्न सक्छ (प्रस्थान २०:१-१७ हेर्नुहोस्) ? _________ । याकूब २:१० पढ्नुहोस् । परमेश्वरका सबै आज्ञामध्ये एउटा आज्ञा मात्र तोडेको व्यक्तिको विचार गर्नुहोस् । के उसले व्यवस्थालाई तोडेको ठहरिन्छ ? ________ । के ऊ दोषी ठहरिन्छ ? ________

एकै ठाउँमा मात्र चुँडिएको एउटा सिक्रीलाई विचार गरौं ।



के यो एउटा चुँडिएको सिक्री हो ? _______ । व्यभिचार कहिल्यै नगरेको तर हत्याचाहिँ गरेको एउटा व्यक्तिको विचार गरौं । के उसले परमेश्वरको व्यवस्थालाई तोडेको ठहरिन्छ (याकूब २:११) ? __________ । व्यवस्था पालनद्वारा मुक्ति पाउन खोज्नेले के गर्नुपर्छ भन्ने कुरा गलाती ३:१० ले बताउँछ । उसले व्यवस्थाको पुस्तकमा लेखिएका ________ कुराहरूमा तिनलाई ___________ गर्नलाई

☐ मृत्यु दण्ड भनेको हामी केवल शारीरिक रूपमा मात्र मर्नेछौं ।

☐ एक पवित्र परमेश्वरले पापको इन्साफ गर्नुपर्छ र पापको खातिर दण्ड दिनुपर्छ ।

☐ सबैले आगोको झीलमा अनन्तकाल बिताउनेछन् ।

☐ कसैले पनि आगोको झीलमा अनन्तकाल बिताउनेछैन ।

☐ आगोको झीललाई दोस्रो मृत्यु भनिन्छ जहाँ पुग्नेहरूले पवित्र परमेश्वरको उपस्थितिबाट अलग भई अनन्त दण्ड भोग्नुपर्ने हुन्छ ।

☐ एक निष्पक्ष र धर्मी न्यायधीश त्यो हो जसले अपराधीलाई दण्ड दिंदैन ।

☐ परमेश्वरले संसारलाई दोषी ठहराउन नै आफ्नो पुत्रलाई संसारमा पठाउनुभयो ।

☐ येशू मेरो स्थानमा मरिदिनुभयो भन्नु उहाँ मेरो लागि मर्नुभयो भन्नु हो ।

☐ येशू जो धर्मी हुनुहुन्थ्यो, म अधर्मीको निम्ति मर्नुभयो ।

☐ म बचाइयोस् भन्ने हेतुले येशू मर्नुभयो !

☐ परमेश्वरले हाम्रा पापहरूलाई बिर्सिदिएर नै हामीप्रति आफ्नो महान् प्रेम प्रकट गर्नुभयो ।

☐ परमेश्वरले हाम्रा पापहरूका निम्ति मर्न आफ्नो पुत्रलाई पठाएर नै हामीप्रति आफ्नो महान् प्रेम प्रकट गर्नुभयो ।

☐ मेरा पापहरूका निम्ति प्रभु येशू ख्रीष्टले मृत्यु दण्ड भोगिदिनुभयो भनी म आफ्नो सारा हृदयले विश्वास गर्दछु । उहाँले मेरा निम्ति क्रूसमा जे गरिदिनुभयो त्यसका निम्ति म सदा-सर्वदा धन्यवादी हुनेछु ।

# ख्रीष्ट मर्नु किन आवश्यक थियो?

## परिचय

मत्ती १६:२१ मा प्रभु येशूले भन्नुभयो, उहाँलाई यरुशलेम जानु आ__________ छ । उहाँले अनेकौं __________ ____________, ____________ र तेस्रो दिनमा __________________ आवश्यक छ भनी उहाँ जान्नुहुन्थ्यो । के येशूले आफ्नो मृत्यु **आवश्यक** छ भनेर सोच्नुभएको थियो? _____________ । पद २२ पढ्नुहोस् । त्यसबेला पत्रुसले येशू मर्नु आवश्यक छ भनी विश्वास गरे? _______________ । ख्रीष्टको कुरा काट्न पत्रुसलाई कसले उक्सायो (पद २३)? ________________

यूहन्ना १०:११-१८ अध्ययन गरौं । पद ११ अनुसार येशूले आफ्नो प्राण स्वेच्छापूर्वक अर्पण गर्नुभएको थियो कि उहाँको प्राणलाई अरुहरूले उहाँबाट खोसेका थिए? __________________________________________ । पद १५ मा येशूले भन्नुभयो, "म भेडाहरूका निम्ति आफ्नो प्राण ____________ ________ । " परमेश्वरको पुत्रको प्राणलाई कसले खोसेर लैजान सक्यो? _______________________ । कसले आफ्नो प्राण स्वेच्छापूर्वक क्रूसमा दिनुभयो? ___________________ । लूका ४:२८-३० पढ्नुहोस् । क्रोधित भीडले येशूलाई मार्न खोज्दा त्यहाँ के भएको थियो (पद ३०)? ________________________________ । क्रूसमा उहाँको मर्ने समय आउन अघि नै के प्रभुका शत्रुहरूले उहाँलाई मार्न सक्थे? ______________ । मत्ती २६:४७-५४ । हामी पद ५३ मा सिक्छौं, येशूले त्यस घडी एउटा प्रार्थना गर्न सक्नुहुन्थ्यो अनि पिताले उहाँलाई __________________________ ____________ दिनुहुनेथ्यो । ती स्वर्गदूतहरूले येशूलाई उहाँका शत्रुहरूबाट सजिलै बचाउन सक्थे । (टिप्पणी: एउटा रोमी पल्टनमा ३००० देखि ६००० जवानसम्म हुन्थे) । के येशूले यस्तो प्रार्थना गर्नुभयो? ___________ । युहन्ना १८:२-६ पढ्नुहोस् । जब येशूले "म उही हुँ" भन्नुभयो, तब अफिसरहरूको जत्थालाई

के भयो? ________________________________ । उसो भए उक्त परिस्थितिको नियन्त्रण वास्तवमा कसको हातमा थियो: अफिसरहरूको हातमा कि येशू ख्रीष्टको हातमा? ____________

यूहन्ना ३:१४ पढ्नुहोस् । के मानिसका पुत्र क्रूसमा उचालिनु **आवश्यक** थियो? ________ । मानिसका पुत्र क्रूसमा (सही उत्तरमा गोलो चिन्ह लगाउनुहोस्)

(क) उचालिनु राम्रो हुन्थ्यो (ग) उचालिन सक्नुहुन्थ्यो

(ख) उचालिनैपर्थ्यो (घ) उचालिन सम्भव थियो


हामीले देख्यौं कि येशू क्रूसमा मर्नु **अपरिहार्य** थियो । हामीले अब यो जान्न आवश्यक छ: उहाँ मर्नै पर्ने कारण के थियो त? प्रभु येशू मर्न किन आवश्यक थियो भनी बुझ्न हामीले सुसमाचारका चारओटा आधारभूत तथ्यहरूलाई अध्ययन गर्नेछौं ।

## सुसमाचारका चार आधारभूत तथ्यहरू

### तथ्य १ -- परमेश्वरका सामु सबै मानिसहरू दोषी छन् ।

रोमी ३:१९ "कि ________ मुख चुप रहोस् र ________ संसार ____________को सामु ________ ठहरियोस् । " हामीले अघि नै अध्ययन गरिसकेका छौं कि सबै मानिस पापी र दुष्ट छन् हामी धर्मी न्यायधीश अर्थात् परमेश्वरका सामु कस्तो फैसला पाउन योग्यको छौं? "दोषी" कि "निर्दोष"? __________

**पहिलो तथ्यको चित्र**






तसर्थ हाम्रा पापहरूको दण्ड कसले भोग्नुभयो? ______________ । हाम्रो पापहरूको दण्ड भोग्न को योग्य थियो? __________ । कसले त्यो दण्ड भोगिदिनुभयो यद्यपि उहाँ आफैं उक्त दण्डको योग्य हुनुहुन्नथ्यो? ________________ । ख्रीष्टले कसका पापहरू आफ्नो शरीरमा क्रूसमाथि बोक्नुभयो? __________ । पापहरूका निम्ति ख्रीष्टले कतिपल्ट दुःख भोग्नुभयो? (१ पत्रुस ३:१८)? ____________ । त्यसैले ख्रीष्टलाई फेरि क्रूसमा मर्नु आवश्यक छ? ________ । यस पदमा बताइएको धर्मी व्यक्ति को हुनुहुन्छ? __________________________ । अधर्मीहरूचाहिँ को हुन्? _________________ । ख्रीष्ट हाम्रा निम्ति मर्नुभयो, हामीलाई ______________कहाँ ______________लाई । २ कोरिन्थी ५:२१ पढ्नुहोस् । कसले पापै जान्नुहुन्नथ्यो? ________________ । को हाम्रा निम्ति पाप तुल्याइनुभयो? __________________ । उहाँ के कारणले पाप तुल्याइनुभयो? ______________________________

यशैया ५३ पढ्नुहोस् र ख्रीष्ट हाम्रा पापहरूका निम्ति मर्नुभएको कुरा बताउने पदहरूलाई गोलो चिन्ह लगाउनुहोस्:

१ २ ३ ४ ५ ६ ७ ८ ९ १० ११ १२

तलका भनाइहरू **ठिक** या **बेठिक** हुन सक्छन् । ठिक भनाइको अगाडि ☑ र बेठिक भनाइको अगाडि ☒ चिन्ह लगाउनुहोस्:

☐ ख्रीष्टका शत्रुहरूले उहाँलाई कुनै पनि बेला मार्न सक्थे ।
☐ येशूले स्वेच्छापूर्वक आफ्नो प्राण क्रूसमा अर्पण गर्नुभयो ।
☐ हाम्रो मुक्ति सम्भव तुल्याउन ख्रीष्ट मर्नु अपरिहार्य (आवश्यक) थियो ।
☐ पत्रुसले ख्रीष्ट मारिनुभएको देख्न चाहेनन् ।
☐ सारा संसारका धर्मी न्यायकर्ताले तपाईंलाई जाँच्नु भएपछि यस्तो फैसला गर्नुहुनेछ: "यो व्यक्ति निर्दोष छ ! "
☐ परमेश्वरका सामु सबै दोषी छन्, तर परमेश्वर प्रेमिलो र दयालु हुनुभएकाले, हाम्रो दोषको खातिर त्यहाँ कुनै दण्ड हुनेछैन ।
☐ पापको ज्यालास्वरूप हामी सित्तैंमा स्वर्ग जान पाउनेछौं ।

__________ । परमेश्वरको फैसला कहिल्यै गलत हुन्छ? ____________ । तसर्थ सिद्ध न्यायकर्ता परमेश्वरले तपाईंलाई हेर्दा, कस्तो फैसला गर्नुहुन्छ होला (पहिलो चित्रमा हेर्नुहोस्)? __________ ___________________ । यस फैसलाको आधारमा तपाईंको दण्ड के हुनु पर्ने हो (दोस्रो चित्रमा हेर्नुहोस्)? ___________________________


## तथ्य ४ -- ख्रीष्टले हाम्रो सट्टामा दण्ड भोग्नुभयो !

हामी ______ दण्डको योग्य छौं र यो दण्ड पूरा _________! हामी सबै दोषी ठहरिएका पापीहरू हौं जसको उचित सजायचाहिँ अनन्त मृत्यु हो जसको कार्यान्वयन आगोको झीलमा हुन्छ जसलाई ______ ______ भनिन्छ (प्रकाश २०:१४ र २१:८) । तर परमेश्वरले आफ्नो प्रिय पुत्रलाई संसारमा पठाउनुभयो (यूहन्ना ३:१७ पढ्नुहोस्), संसारलाई ______ ठहराउनका निम्ति होइन तर संसारले उहाँद्वारा ______ पाओस् भनेर । प्रभु येशू मेरो निम्ति मृत्यु दण्ड भोग्न आउनुभयो ! उहाँले मेरो दण्ड-स्थान लिनुभयो र उहाँ मेरो लागि मर्नुभयो !

**चौथो तथ्यको चित्र**

***फैसला:* "तिमी _______ छौ"** (रोमी ३:१९,२३)।

***दण्ड:* "तिमीले भोग्नुपर्ने दण्ड _______ हो"** (रोमी ६:२३)।




१ कोरिन्थी १५:३ अनुसार प्रभु येशूले तपाईंको निम्ति के गरिदिनुभयो? __________ ___________________________ । मैले पाउनु पर्ने मृत्यु दण्ड येशूले भोगिदिनुभयो ! रोमी ५:६ अनुसार ख्रीष्ट कस्तो खालका मानिसहरूका लागि मर्नुभयो? _____________ । रोमी ५:८ बाट हामी सिक्छौं कि हामी ________ हुँदा-हुँदै ख्रीष्ट ________ निम्ति ______________ । गलाती १:४ अनुसार ख्रीष्टले कसका पापहरूका निम्ति आफैलाई दिइहाल्नुभयो? ____________ ।



## तथ्य २ -- हाम्रो दोषको कारण त्यहाँ एउटा दण्ड छ ।

हामी दोषी मात्र छैनौ, हाम्रो निम्ति त्यहाँ एउटा दण्ड पनि छ ! इजकिएल १८:४ मा हामी सिक्छौं कि जसले पाप गर्छ त्यो ______________ । त्यसैले हाम्रो पापको कारण हामीले पाउनुपर्ने दण्ड के हो? निम्नमध्ये एउटामा गोलो चिन्ह लगाउनुहोस्:

(क) रु ५०,००० जरीवाना (ग) कारागारमा ५ हप्ता


(ख) कारागारमा १० वर्ष (घ) मृत्यु दण्ड

मेरो पापले गर्दा मैले __________ दण्ड पाउनु पर्छ । उत्पत्ति २:१७ मा हामीले देख्यौं आदमको पापको दण्ड पनि __________ दण्ड नै थियो । पापको ज्याला के हो (रोमी ६:२३)? __________ । यदि तपाईंले दिनको रु १०० को दरमा एक हप्तासम्म काम गर्नुभयो भने, एक हप्तामा तपाईंले पाउनु पर्ने रकम कति हो? ______________ । तपाईंको मालिक इमानदार छ भने, तपाईंको एक हप्ताको ज्याला कति हुनेछ? ______________ । परमेश्वर पूर्ण रूपले निष्पक्ष र न्यायोचित हुनुहुन्छ । हाम्रो ____________ले गर्दा हामी मृत्यु दण्डको योग्य छौं । हामीले आफ्नो निम्ति __________ दण्ड कमाएका छौं । हरेक दिन हामी पापमा हिँड्डुल गर्ने क्रममा हामीले कस्ता-कस्ता कामहरू गरेका छौं सो कुरा धर्मी न्यायकर्ता परमेश्वरले जान्नुभएको छ अनि परमेश्वरको वचनले हामीलाई बताउँछ कि __________को ज्याला __________ हो ।

**दोस्रो तथ्यको चित्र**

***फैसला:* "तिमी ______ छौ"** (रोमी ३:१९,२३)

***दण्ड:* "तिमीले भोग्नुपर्ने दण्ड मृत्यु दण्ड हो"** (रोमी ६:२३)



## उक्त मृत्यु दण्ड वास्तवमा के हो?

हामीले याद गर्नुपर्छ यो मृत्यु (रोमी ६:२३) शारीरिक मृत्यु भन्दा बढी हो, यद्यपि शारीरिक मृत्यु पनि पापको परिणामहरूमध्ये एउटा हो (उत्पत्ति ३:१९)। पापको दण्डस्वरूप दिइने मृत्यु दण्डमा खास गरी दुइटा कुराहरू समावेश हुन्छन्: १) परमेश्वरबाट अलग हुनु २) परमेश्वरबाट दण्ड भोग्नु। दुष्टहरूले परमेश्वरबाट पाउनुपर्ने दण्डको बारेमा निम्न पदहरूले बताउँछन्। परमेश्वरबाट अलग हुनुपर्ने र परमेश्वरबाट दण्ड भोग्नुपर्ने, यी दुई तथ्यहरूलाई जनाउने वाक्यखण्डहरूलाई यी पदहरूबाट छुट्ट्याएर खालि ठाउँमा लेख्नुहोस्।

**२ थेस्सलोनिकी १:९**

अलग हुनु: ____________________

दण्ड भोग्नु: ____________________

**मत्ती २५:४१**

अलग हुनु: ____________________

दण्ड भोग्नु: ____________________

**मत्ती २५:४६**

अलग हुनु: ____________________

दण्ड भोग्नु: ____________________

**प्रकाश २०:१५**

अलग हुनु: ____________________

दण्ड भोग्नु: ____________________

**मत्ती ७:२३**

अलग हुनु: ____________________

दण्ड भोग्नु: ____________________

नरक कसको निम्ति तयार पारिएको थियो? ____________________। दुष्टले कस्तो खालको दण्ड भोग्नेछ (मत्ती २५:४६)? __________। प्रकाश २०:१४ मा हामी सिक्छौं परमेश्वरबाट अनन्तको लागि अलग हुने कार्यलाई ________ मृत्युको संज्ञा दिइएको छ।



प्रकाश २०:१५ अनुसार जीवनको पुस्तकमा नाम लेखिएको नपाइएकाहरूलाई के हुनेछ? ________________________________।
प्रकाश २१:८ मा आगोको झीललाई ________ ________को संज्ञा दिइएको छ।

## तथ्य ३ -- दोषीलाई उक्त दण्ड दिइनै पर्छ।

धर्मी न्यायकर्ता परमेश्वरले यस्तो भन्न सक्नुहुन्न, "तिमीले मृत्यु दण्ड भोग्नु पर्ने त हो, तर म एक कृपालु परमेश्वर भएको हुनाले म यसलाई बिर्सिदिनेछु र तिमीलाई बाँच्न दिनेछु!" यदि परमेश्वरले त्यस्तो गर्नुहुन्छ भने, एकातिर उहाँ कृपालु त ठहरिनुहोला, तर अर्कोतिर उहाँ न्यायी, पवित्र र धर्मी ठहरिनु**हुन्न**! कुनै मानव न्यायधीशले एक अपराधीलाई यसरी भनेको कल्पना गर्नुहोस् त, "मलाई थाह छ तिमीले त्यो बैङ्क लुटेका हौ र काउन्टरको खजाञ्चीको हत्या गरेका हौ, तर म अति दयालु भएको हुनाले म यो घटना नभएझैं सब बिर्सिदिनेछु र तिमीलाई त्यत्तिकै छाडिदिनेछु।" के त्यस्तो न्यायधीशले साँचो न्याय गरिरहेको ठहरिन्छ? ____________। के दोषी व्यक्तिहरू दण्डका योग्य हुन्छन्? ____________। रोमी ३:१९ र ३:२३ अनुसार, के तपाईं एक दोषी व्यक्ति हुनुहुन्छ? ________। के तपाईंले दण्ड पाउनु पर्ने हो? ______। तपाईंले पाउनु पर्ने दण्ड के हो? ____________। व्यवस्था २५:१-२ पढ्नुहोस्। यदि कुनै व्यक्ति निर्दोष छ भने न्यायकर्ताले उसलाई धर्मी ठहराउनुपर्छ (ऊ निर्दोष भएको घोषणा गर्नुपर्छ)। यदि ऊ निर्दोष छ भने न्यायकर्ताले भन्नुपर्छ, "तिमी दोषी छैनौ!" यदि ऊ दोषी छ भने उसलाई दोषी ठहऱ्याइनु पर्छ। व्यवस्था २५:२ पढ्नुहोस्। यदि त्यो दोषी मानिस कोर्रा खान योग्य छ भने, के न्यायकर्ताले उसलाई दण्डबिना जान दिनुहुन्छ? __________

स्मरण रहोस्, परमेश्वर सिद्ध न्यायकर्ता हुनुहुन्छ। के परमेश्वर कहिल्यै अन्याय गर्नुहुन्छ? __________। के परमेश्वर कहिल्यै गलती गर्नुहुन्छ? __________। के परमेश्वरले सबै कुरा देख्नुहुन्छ र बुझ्नुहुन्छ? ____________। के परमेश्वरलाई सबै तथ्यहरू थाह छ? ______। के परमेश्वर कहिल्यै बेठिक गर्नुहुन्छ? __________। के परमेश्वर कहिल्यै अधर्म गर्नुहुन्छ? __________। परमेश्वरले देख्न नसक्ने कुनै अपराध छ? ________। परमेश्वरको नजरबाट कुनै कुरा लुकेको हुन्छ (हिब्रू ४:१३)?